मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

भरोसा गर्नुहोस्, वैभव वीरगंजको सपना साकार पार्छु

संवाद पृष्ठ ७ मा

वर्ष २ | अंक २९१ | २०८१ साल भाद्र २३ गते आइतबार | Sunday 08, September 2024 | सूर्योदय: बिहान ५:४६ बजे | सूर्यास्त: साँझ ६:१७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## आठ प्रतिशत मधेशी कर्मचारीमा एक जना मात्र पुरस्कृत !

**मधेशदृष्टि**
**वीरगंज ।**

२२ भदौ अर्थात निजामती दिवस । सदाझैं कर्मकाण्डी तवरले यो दिवस मनाइएको छ । दिवसका अवसरमा १० उत्कृष्ट र ३० लाई निजामती सेवा पुरस्कार प्रदान गरियो । पुरस्कारबाट २१ सिंहदरबारभित्रैका र १९ जना काठमाडौं बाहिर कार्यालयमा कार्यरत कर्मचारी पुरस्कृत हुँदा मधेश प्रदेशलाई कार्यक्षेत्र बनाउने कर्मचारी भने उपेक्षामा परे । शनिबार पुरस्कृत हुने ४० जनामध्ये एक मात्र कर्मचारी मधेश प्रदेशबाट परेका छन्, उनी हुन् जिल्ला निर्वाचन कार्यालय सिरहाका कम्युटर अपरेटर गणप्रसाद यादव ।

निजामती सेवामा ८६ हजार बढी कर्मचारी कार्यरत छन् । निजामती कर्मचारीमध्ये आठ प्रतिशत संख्या मधेशीको छ । जसमध्ये ७६.६८ प्रतिशत अर्थात् ५ हजार ३ सय ३ जना प्राविधिक क्षेत्रमा, २२.७७ प्रतिशत अर्थात् एक हजार पाँच सय ७५ अप्राविधिक क्षेत्रमा र बाँकी ०.५३ प्रतिशत अर्थात् ३७ जना अन्य क्षेत्रमा रहेको तथ्याङ्कले देखाउँछ । तर यीमध्येबाट जम्मा एक कर्मचारीले मात्र निजामती पुरस्कार पाएका हुन् । के मधेश कार्यक्षेत्र बनाएर खटिने कर्मचारी नालायकै हुन ?

काठमाडौं कार्यक्षेत्र बनाएर कार्यरत मधेशी समुदायका उपसचिव शिवप्रसाद चौधरीलाई निजामती पुरस्कारबाट पुरस्कृत भएका छन् । उसो त निजामतीमा तरमाराहरुको बोलबोला छ । परिवारका श्रीमानश्रीमतीले नै आरक्षण कोटाबाट लाभ लिन पाउने कि नपाउने ? यही स्पष्टता नहुँदा कोही कर्मचारीले आरक्षणका नाममा पटकपटक लाभ उठाउँदै आएका छन् । केही कर्मचारी त शाखा अधिकृत हुँदै सचिवसम्म बनेका छन्, यही आरक्षण कोटामा टेकेर । हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेका कृष्णहरि पुष्कर र उनकी पत्नी आभा कर्णले पटकपटक मधेशी र जनजातिको कोटामा टेकेर निजामती सेवाका उपल्लो पदमा पुग्न सफल भएका छन् ।

मधेशी कोटाबाट उपसचिव र सहसचिव बनेका पुष्कर कर्ण आफूलाई कर्ण होइन पुष्करका रूपमा परिचित गराउँदै आएका छन् । लोकसेवा आयोगको अनुसार, उनी मधेशी कोटाबाट प्रशासन सेवा, सामान्य प्रशासन तर्फको उपसचिव बनेका हुन् अनि २०६८ फागुनमा मधेशी कोटाबाटै सहसचिव । यसरी मधेशी कोटाबाट उपसचिव, सहसचिव हुँदै सचिव बनेका पुष्कर सचिव भएपछि मधेश प्रदेश टेकेनन् । जुन प्रदेशबाट निजामती वृत्तमा खुट्किला चढ्दै गए त्यही प्रदेशमा गएर सेवा गर्न वा योगदान दिन चाहेनन् । पुष्कर पत्नी आभा सहसचिव हुन्, उनले पटकपटक आदिवासी जनजाति कोटाबाटै निजामतीमा भ¥याङ्ग चढ्दै अहिले सहसचिवका रुपमा सिंहदरबारभित्रै कार्यरत

बाँकी पृष्ठ २ मा

## एमबिबिएस पढाइको 'जस' लिन होडबाजी

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चिकित्सा शिक्षा आयोगलेले चिकित्सा शास्त्रमा स्नातक एमबिबिएसका लागि ५० सिट निर्धारण गरेपछि त्यसको जस लिन मधेशमा जनमत पार्टी र नेकपा एमालेबीच होडबाजी देखिएको छ ।

जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्वमा रहेको सरकारको प्रयासबाट एमबिबिएस पढाइ शुरु भएको बताइरहेको छ भने नेकपा एमालेका नेताकार्यकर्ता र प्रदेश सरकारका मन्त्री रहेकाहरु पनि नेकपा एमाले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्माका कारण पढाइ हुने बताएर चर्चा बटुलिरहेका छन् । सामाजिक सञ्जालमा दुई पार्टीका नेताहरुको 'जस' लिने होडबाजी देखिन्छ ।

जनतम पार्टीका अध्यक्ष डा. सिके राउतले सामाजिक सञ्जाल मेटामा मुख्यमन्त्री सतिश कुमार सिंहको फोटो राख्दै लेखेका छन्, 'मधेश सरकारलाई बधाई– मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५० सिट एमबिबिएसका लागि स्वीकृति ।' राउतको सचिवालयको पोष्टमा सबैले जनतमत पार्टीको सरकारले गरेको भन्दै कार्यकर्ताहरुले सरकारको प्रशंसा गरेका छन् । त्यसैगरी, मधेश प्रदेश सरकारमा सहभागी नेकपा एमालेका नेताकार्यकर्ता र




मन्त्रीले समेत अध्यक्ष ओलीका कारण यो सम्भव भएको भन्दै सामाजिक सञ्जाल रंग्याएका छन् । एमालेका नेताहरुले सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीका नेता र मुख्यमन्त्री सतिश कुमार सिंहको सामान्य चर्चासमेत गरेका छैनन् । नेकपा एमाले संसदीय दलका नेता एवम् मधेश प्रदेश सरकारमा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले आफ्नो सामाजिक सञ्जाल मेटामा लेखेका छन्, 'मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरलगायत विभिन्नले एमबिबिएस कक्षा सञ्चालनका लागि अनुमति प्राप्त गरेको छ । यसवर्ष ५० विद्यार्थी भर्नाका कोटा प्राप्त गरेको छ । बधाई छ, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलिलाई यस अभियानमा संलग्न सबैलाई ।' मन्त्रीले आफ्नो पोष्टमा मुख्यमन्त्री सिंह र जनमतको नामसमेत लिएका छैनन् । त्यसैगरी, नेकपा एउटा

बाँकी पृष्ठ २ मा

## महतोको राष्ट्रिय समितिमा मधेशका ३८ प्रतिशत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



मधेश प्रदेशकै ३८ प्रतिशत सदस्य समेटेर राजेन्द्र महत्तोले राष्ट्रिय मुक्ति क्रान्तिको राष्ट्रिय समिति घोषणा बनाएका हुन् । २०४७ सालदेखि मधेशको राजनीतिमा होमिएका महतो यिनै मधेशी दलबाट पार लाग्दैन भन्दै मधेशको राजनीति छाडेर राष्ट्रिय मुक्ति क्रान्तितर्फ यूटर्न भएका छन् । उनले बनाएको ३ सय ५१ सदस्यीय राष्ट्रिय समितिमा मधेश प्रदेशका आठ वटा जिल्लाबाट एक तिहाईभन्दा बढीलाई समितिमा समावेश गराइएको छ । समितिमा मधेश प्रदेशका आठ जिल्लाबाट मात्र एक तिहाइ बढी (३८ दशमलव १७ प्रतिशत) सदस्य समेटिएको छ । समितिमा तराईका आठ जिल्ला सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट जिल्लाबाट १ सय ३४ सदस्य समेटिएका छन् । सबैभन्दा बढी सदस्य महतोकै गृहजिल्लाकै छन् । पर्साका अनिरुद्ध साह कलवार, महोत्तरीका अनिलकुमार झा, सिरहाबाट अनिल कुमार महासेठ, सप्तरीबाट अनिल यादव, सिरहाबाट अनिल कुमार सिंह, अन्जय झा, सिरहाबाट अमरदेव यादव, बाराबाट समेटिएका छन् । कमिटीमा संयोजकबाहेक अरू सबै सदस्य छन् । अन्य पद भने सिर्जना नगर्ने राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक महतो बताउँछन् । समितिले एउटा गोलमेच सम्मेलन आयोजना गरी कार्तिक मसान्तसम्ममा पार्टी निर्माण गर्ने जनाइएको छ । नयाँ संविधान जारी भएको दिन असोज ३ लाई 'कालो दिवस'का रुपमा मनाउने बताइएको छ । गजेन्द्र नारायण सिंहको साथ लागेर मधेश राजनीतिमा होमिएका महतो २०४८ सालदेखि चुनावी प्रतिस्पर्धामा सामेल हुँदै २०५६, २०६४ र २०७४ मा तीनपटक माननीय र २०६४ सालमा गिरिजाप्रसाद कोइराला, २०६५ मा प्रचण्ड, ६६ मा माधवकुमार नेपालको सरकारमा वाणिज्य तथा आपूर्तिमन्त्री चलाइसकेका व्यक्ति हुन् । २०६८ मा बाबुराम भट्टराई नेतृत्वको सरकारमा स्वास्थ्य तथा जनसंख्यामन्त्री भएर केपी शर्मा ओलीले संसद विघटन गरेपछि २०७८ मा १३ दिने शहरी विकासमन्त्री भएका थिए । २०७९ मा महेन्द्रराय यादवसँग पराजित भएसँगै पुराना दलबाट काम लाग्दैन भन्दै नेपाललाई 'बहुल राष्ट्रिय राज्य बनाउनुपर्ने, मुद्दा बोकेर हिँड्न थालेका हुन् । महतोले यो अभियानमा देशभरका आदिवासी, जनजाति, मधेशी, दलित, उत्पीडितहरू गोलबद्ध गर्ने बताएका छन् ।






# अध्यक्ष नेपाल स्वदेश फिर्ता



**काठमाडौं ।**
नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल मित्रराष्ट्र रुसको भ्रमण सम्पन्न गरी शनिबार स्वदेश फिर्ता भएका छन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्न पार्टीका नेता तथा कार्यकर्ता पुगेका थिए ।
रुसमा आयोजित 'मल्टी पोलारिटी फोरम' विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन उनी भदौ १६ गते त्यसतर्फ प्रस्थान गरेका थिए । भदौ १८ देखि २१ गतेसम्म सञ्चालन भएको सम्मेलनमा अध्यक्ष नेपालले साउथ एसियन इकोनोमिक फोरमको समूहगत छलफलमा भाग लिएका थिए । त्यस अवसरमा अध्यक्ष नेपालले चीन, रुसलगायत विभिन्न देशका कम्युनिष्ट नेताहरूसँग भेटघाट तथा आपसी हितका बारेमा छलफल गरेका थिए । अध्यक्ष नेपाल स्वदेश फर्किएसँगै पार्टीका विभिन्न केन्द्रीय विभाग, इन्चार्जसहितको जिम्मेवारी तोकिने तयारी रहेको जनाइएको छ ।

# चार दिवसीय गणेश उत्सव शुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा गणेश चतुर्थी महोत्सव शुरु भएको छ । राम चोकमा रहेको गणेश मन्दिरलाई विशेष रुपमा सजाउने काम भएको छ । गणेश युवा कमिटीको आयोजनामा चार दिनसम्म गणेश उत्सव मनाइने छ । विशेष पूजापाठ र आरतीका साथै विभिन्न प्रकारको सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको आयोजकले जनाएको छ । यसैगरी जनकपुरधामको ज्ञानकूप एरियामा गणेश पूजा समितिद्वारा विशेष पूजाको आयोजना गरिएको छ ।
प्रत्येक वर्ष झैँ यस वर्ष भव्यरुपमा गणेश मूर्तिको स्थापना गरेर चार दिवसीय मेलाको आयोजना गरिएको छ । आकर्षक पण्डाल निर्माण गरेर विगत केही वर्षदेखि भव्य रुपमा मेलासहित गणेश उत्सव मनाउने चलन रहेको छ ।
हिन्दू धर्मशास्त्र अनुसार भाद्र शुक्लपक्ष चतुर्थी तिथिका दिन भगवान् गणेशको भगवान् शिव तथा माता पार्वतीको कान्छो पुत्रको रुपमा जन्म भएको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा गणेश उत्सव पर्व मनाउने गरिएको छ । हिन्दूहरूले कुनै पनि शुभ कार्य गर्दा पहिलो पूजा गणेशलाई नै गर्ने शास्त्रीय मान्यता रहिआएको छ । भगवान् गणेश विघ्नहर्ताको रुपमा लिइन्छ ।



गणेश चतुर्थीको अवसरमा शनिबार जनकपुरधामको रामचोकस्थित गणेश मन्दिरमा दर्शण गर्न भक्तजनको घुइँचो । तस्बिरः चन्द्रदेव साह

# बहुआयामिक चुनौती सामनामा सहकार्यः गृहमन्त्री

**काठमाडौं ।**
गृहमन्त्री रमेश लेखकले अन्तर्राष्ट्रिय सङ्गठित अपराध, साइबर अपराध, आतङ्कवादलगायतका बहुआयमिक चुनौती सामना गर्न कानून कार्यान्वयन गर्ने निकायबीच समन्वय र अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको बताएका छन् ।
नेपाल प्रहरी प्रधान कार्यालयमा शनिबार आयोजित इन्टरपोल स्थापनाको शताब्दी दिवसका अवसरमा गृहमन्त्री लेखकले अपराधिक क्रियाकलापलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय प्रहरी सहयोगको विशेष महत्व हुने बताए । 'यस्ता अपराधिक क्रियाकलापलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न अन्तर्राष्ट्रियस्तरमा असल अभ्यास, विशेषज्ञता एवम् आपसी सूचना आदानप्रदान गर्न आवश्यक छ । साथै समाजलाई शान्त, सुरक्षित एवम् भयरहित बनाउन सबैको संयुक्त प्रयास हुनुपर्छ,' उनले भने ।
कार्यक्रममा गृहसचिव गोकर्णमणि दुवाडीले नेपाल प्रहरीले कानुन कार्यान्वयन गर्दै शान्ति सुव्यवस्था कायम राख्न निर्वाह गरेको भूमिका प्रंशसनीय रहेको बताए । कार्यक्रमले कानून कार्यान्वयन गर्ने निकायबीच समन्वय र सहयोगका लागि संयुक्त प्रतिबद्धता प्रतिबिम्बित गरेको धारणा राखे ।
'नेपाल प्रहरीले अन्तर्राष्ट्रियस्तरमा गरेको समन्वय र सहयोग उल्लेखनीयर प्रशंसनीय रहेको छ । अपराधलगायतका चुनौती सामना गर्न आगामी दिनमा सुरक्षा निकायलाई थप मजबुद बनाउँदै लैजानेमा गृहमन्त्रालय क्रियाशील छ,' उनले भने ।
यस्तै, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्सालले सङ्गठित अपराध, साइबर अपराध, आतङ्कवादलगायत गतिविधि नियन्त्रण गर्न र शान्ति सुव्यवस्था बलियो बनाउन कानून कार्यान्वयन गर्ने निकायबीच संयुक्त प्रयास आवश्यक रहेको बताइन् ।
प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले कुनै पनि प्रकृतिका आपराधिक क्रियाकलापमा संलग्नलाई कानूनी दायरामा ल्याउन अन्तर्राष्ट्रिय सहयोग र समन्वय आवश्यक रहेको बताए । उनले कानून कार्यान्वयन गर्ने निकायबीच संयुक्त सहकार्य र आवश्यक सहयोग आदानप्रदान गर्दै जटिल अपराध तथा अन्य सुरक्षा चुनौतीलाई प्रभावकारी रूपमा सामना गर्न सकिने बताए ।

# विधिपूर्वक मनाइयो गणेश चतुर्थी

**काठमाडौं ।**
भगवान् गणेशको पूजा आराधना गरी शनिबार गणेश चतुर्थी पर्व मनाइएको छ । सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको उत्पत्ति भएको शास्त्रीय मान्यता छ ।
यस अवसरमा उपत्यकाका अशोकविनायक, चन्द्रविनायक, सूर्यविनायक, कमलविनायक, धनगणेश, जलविनायक, कार्यविनायक, कमलादी गणेशलगायत देशभरका गणेश मन्दिरमा विशेष पूजा गरी पर्व मनाइएको हो ।
शिवपार्वतीका पुत्र गणेशलाई जुनसुकै धार्मिक कर्ममा अग्रपूजाको अधिकार प्राप्त छ ।
धर्मशास्त्रविद् एवम् नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्राडा देवमणि भट्टराईले हरितालिका (तीजको व्रत) पारायण गरी गणेशको व्रत गर्ने शास्त्रीय मान्यता रहेको बताए । भाद्र शुक्ल तृतीयाका दिन सुखद दाम्पत्य जीवन तथा सुखशान्तिको कामना गरेका बर्तालुले चतुर्थीका दिन जीवनमा बिघ्न नआओस् भनी कामना गर्न गणेश पूजा गर्ने विधान गणेश पुराणमा उल्लेख छ । यस पर्वलाई नेवार समुदायले चथा पर्वका रूपमा मनाउने गर्दछन् ।

# दार्जिलिङमा ठडिएको भानुभक्तको शालिक



**मिश्रीलाल मधुकर**
**दार्जिलिङ ।**
पश्चिम बंगालको हिल स्टेशन दार्जिलिङमा रहेको आदिकवि भानुभक्तको शालिक प्रति भारतीयको आस्था देखिएको छ । सरकारले दार्जिलिङको माल रोडको मैदानमा भानुभक्तको विशाल शालिक स्थापना गरेको छ । वास्तवमा दार्जिलिङमा भारत र नेपालबाट ठूलो संख्यामा पर्यटक आउँछन् । भारत पुग्ने नेपाली पर्यटकहरु आदिकवि भानुभक्तको प्रतिमामा श्रद्धाञ्जली अर्पण गर्छन् नै त्यहाँ भारतीय पर्यटकले पनि उनको प्रतिमामा श्रद्धाञ्जली दिएर फोटो र सेल्फी खिच्दा एक नेपालीलाई गर्वको अनुभूति हुन्छ । काम विशेषले दार्जिलिङ पुगेका पूर्व प्रदेश सांसद नेत्रविक्रम साह, आम जनता पार्टीकी नेतृ तथा सामाजिक अभियन्ता सुनिता साह क्रान्ति, डा नवल किशोर साहले पनि कवि भानुभक्तको शालिकमा श्रद्धाञ्जली अर्पण गरेका छन् । त्यहाँ रहेको भानुभक्तको शालिक देखेर हरेक नेपाली भावुक भएको देखेको अभियन्ता साह बताउँछिन् । स्थानीयका अनुसार दार्जिलिङमा भानुभक्तको जन्मजयन्ती धुमधामका साथ मनाइन्छ ।

# 'जनहितलाई सर्वोपरि ठानेर काम गर्न अग्रह'




**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) का उपमहासचिव एवम् खानेपानीमन्त्री प्रदीप यादवले जनहितलाई सर्वोपरि ठानेर काम गर्न पार्टी नेता तथा कार्यकर्तालाई आग्रह गरेका छन् ।
जसपा पर्सागढी नगर समितिद्वारा आयोजित विस्तारित बैठकमा उनले समाजवादको मार्गदर्शनअनुसार जनहितलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गरे । उपमहासचिव यादवले पर्सागढीको विकास र समृद्धिका लागि ठोस योजना बनाएर कार्यान्वयनमा दृढतापूर्वक लाग्नुपर्ने आवश्यकता औँल्याए । 'स्थानीय जनताका समस्यालाई नजिकबाट बुझेर, तिनको समाधान गर्ने दिशामा अगाडि बढ्न हामी प्रतिबद्ध छौँ,' उनले भने, 'हामीले पर्सागढीका आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनका लागि विशेष प्याकेज लिएर आउँदैछौँ ।' मन्त्री यादवले आफूले यहाँका जनताको समस्यालाई नजिकबाट बुझ्न र समाधानका उपायहरूलाई शीघ्र कार्यान्वयनमा ल्याउन भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे ।
वीरगंज महानगरपालिका–२१ मा आयोजित सम्मान कार्यक्रममा मन्त्री यादवले जनप्रतिनिधि जनताको सशक्तीकरण र सेवामा समर्पित हुनुपर्ने बताए । उनले भने, 'जनताले देखाएको विश्वास र समर्थनको सम्मान गर्दै हामी वीरगंजलाई समृद्ध र विकासको नमूना शहर बनाउने योजना लिएर आएका छौँ । यो सबैको सहयोगबिना सम्भव छैन, त्यसैले सबैले आफ्नो ठाउँबाट योगदान दिनुपर्नेछ ।'
मन्त्री यादवले स्थानीयस्तरको विकासका लागि जनताको इच्छाशक्ति र सरकारको पहल एकसाथ अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याए । 'सहकार्य र समर्पण नै हाम्रो सबल पक्ष हो, यसले मात्र स्थानीय विकासका योजनाहरू सफल हुन सक्छन् । त्यसैले सरकार र जनताको संयुक्त प्रयासबाटै विकास अतिविधि अगाडि बढाउन लागौँ,' उनले भने । कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा कार्यकर्ताहरूले मन्त्री यादवको नेतृत्वमा स्थानीय विकास योजनाहरू प्रभावकारी ढङ्गले अगाडि बढ्ने विश्वास व्यक्त गरेका थिए ।

# जलवायु परिवर्तनका असर नियन्त्रणमा समन्वय जरुरी

**काठमाडौं ।**
बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण र क्षयीकरण रोक्नका लागि तिनै तहका सरकारले बजेट सुनिश्चित गर्नाका साथै समन्वय गर्नुपर्ने बताएका छन् ।
सम्पादक समाज नेपालले 'जलवायु परिवर्तनका प्रभावहरू न्यूनीकरणका लागि अपनाउनुपर्ने रणनीति' का सम्बन्धमा शनिबार गोविन्द वियोगी पत्रकारिता अध्ययन केन्द्र, शिवपुरी–७, सूर्यचौर, नुवाकोटमा आयोजना गरेको अन्तरक्रियामा मुख्यमन्त्री तामाङले विकासबाट विनाश हुन जोगाइने तथा वातावरण, मानव र वन्यजन्तु संरक्षणका लागि मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।
पत्रकारहरूको प्रश्न तथा जिज्ञासामा उनले नागमती बाँधबाट बिजुली पनि निकालिने बताउँदै त्यसबाट मानव र मानव बस्तीमा पर्नसक्ने असरबारे अध्ययन–अनुसन्धान गर्नुपर्ने स्पष्ट गरे ।
शिवपुरी गाउँपालिकाका अध्यक्ष गोविन्दप्रसाद थपलियाले झरना, हरियालीपूर्ण वातावरण, शक्तिपीठहरू भएको तपोभूमि शिवपुरीमा आन्तरिक पर्यटन बढाएर स्थानीय जनताको आयआर्जन बढाउन गाउँपालिकाले प्रचारप्रसार, महोत्सव, घरबास तालिम जस्ता कार्यक्रम आयोजना गरिरहेको जानकारी दिए । शिवपुरीले छिमेकी ककनी गाउँपालिकासँग पनि मिलेर काम गर्ने सोच बनाएको छ ।

# एमबिबिएस पढाइको 'जस' लिन...

समूहले भने नेकपा एमालेका नेता रघुवीर महासेठको समेत पहलमा यो स्वीकृति भएको भन्दै पोष्ट लेखेर उनको समेत प्रशंसा गरेका छन् । नेकपा एमालेनिकट अनेरास्ववियुका धनुषा सचिव देवेन्द्र साहले रघुवीर महासेठ र जुली महतोका कारणले यो प्रयास सफल भएको भन्दै प्रशंसा गरेर पोष्ट लेख्दै जुली महतोलाई ब्यागसमेत गरेका छन् । उनले लेखेका छन्, 'मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधामले एमबिबिएस कक्षा सञ्चालनका लागि अनुमति प्राप्त गरेको छ । यसवर्ष ५० विद्यार्थी भर्नाको कोटा प्राप्त गरेको छ । हामी मधेश प्रदेशबासीलाई हार्दिक बधाई, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र यस अभियानमा संलग्न धनुषा क्षेत्र नम्बर ३ का सांसद एवम् पूर्वमन्त्री जुलीकुमारी महतोज्यू र क्षेत्र नम्बर ४ का सांसद एवम् पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठज्यूले सदनदेखि संघीय सरकारसँग पटकपटक माग राखिरहेका थिं, आफू उपप्रधानमन्त्री हुँदा लिखितरुपमै अनुमतिको प्रक्रिया अघि बढाएका थिए, उहाँहरुको विशेष पहलमा अनुमति पाइएको छ ।
प्रतिष्ठानमा एमबिबिएसको अध्ययन तथा अध्यापन शुरू भएपछि प्रादेशिक राजधानी जनकपुरधामलगायत मधेश प्रदेशको स्वास्थ्य सेवामा समेत गुणात्मक सुधार आउने अपेक्षा गरिएको छ । मुख्यमन्त्री सिंहले एमबिबिएस पठनपाठन शुरू गराउन आवश्यक तयारी तीव्रताका साथ गरी सफलता प्राप्त गरेकामा प्रतिष्ठानका उपकुलपति डा. अंकुर साह, रजिस्ट्रार डा. विनोद यादवलगायतका पदाधिकारी तथा कर्मचारीलाई बधाई दिएका छन् ।

# आठ प्रतिशत मधेशी कर्मचारीमा...

छिन् । आभा श्रेष्ठ कर्ण २०६७ सालमा महिला कोटाबाट उपसचिव भइन्, अनि पाँच बर्ष नबित्दै २०७१ फागुनमा मधेशी कोटाबाट सहसचिव । कर्ण अहिले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा छिन् । उनले कहिले आदिवासी त कहिले मधेशी कोटाबाट लाभ लिएर निजामती सेवाको उपल्लो पदमा पुगेको देखिन्छ । यसरी मधेसी कोटाबाटै लाभ उठाएका कर्मचारी मधेशमा गएर सेवा गर्न परे आफूलाई कारबाही गरेको ठान्छन् ।
मधेशकै केही कर्मचारी त शाखा अधिकृत हुँदै सचिवसम्म बनेका छन्, यही आरक्षण कोटामा टेकेर । सरसर्ती हेर्दा वर्गीय, क्षेत्रीय हिसाबले पछाडि परेका र सीमान्तकृत समुदायका लागि भनेर दिइएको आरक्षण प्रणालीमा हुने–खाने र पहुँचवालाको हालीमुहाली देखिन्छ । दुरदराज तथा मधेशमा पछाडि पारिएकाहरूले अवसर पाउन् भन्ने आरक्षणको परिकल्पना भए पनि शहरिया, धनीमानी र सम्पन्न परिवारकै हात माथि पर्दै आएको देखिन्छ ।
मधेसी कोटाबाट उनीपछि लाभ उठाइरहने कर्मचारीमा पर्दछन्, रामकुमार महतो हुन । केही समय मधेश प्रदेशकै जिल्लामा प्रमुख जिल्ला अधिकारी समेत चलाएका उनी शाखा अधिकृतबाट एकै पटक जम्प गरेर सहसचिव हुन सफल कर्मचारीमा पर्दछन्, उनी ६ असार २०७७ मा सहसचिवमा उक्लिएका उनी भन्सार विभागको उपमहानिर्देशकबाट उनी हालैमात्र सरुवा भएर लोकसेवा आयोगमा पुगेका छन् ।
मधेशी कोटाबाटै निजामतीमा पटकपटक आरक्षण सुविधाको उपयोग गर्ने अन्य कर्मचारीका रुपमा सहसचिव वीरेन्द्र यादव, सुरेश राउत, गजेन्द्र ठाकुरहरुको नाम अग्रपक्तिमा आउँछ । यस्तै कौशलकिशोर राय, किशोरकुमार चौधरी, रामचरित्र मेहतालगायतका कर्मचारी मधेशी कोटामा पटकपटक लाभ लिएर निजामतीमा भ¥याङ्ग चढ्ने कर्मचारीमा पर्दछन् तर मधेशी कोटाबाटै लाभ लिएर अधिकृत, उपसचिव, सहसचिव भएका कर्मचारी मधेश प्रदेशमै जिम्मेवारी दिएर खटाउँदा रमाना नलिने, सरुवा उल्टाउने खेलमा लाग्ने गरेको भेटिन्छ ।

# उदाउँदो चन्द्रमालाई अर्घ्य दिँदै

## चौठचन्द्र पर्व सम्पन्न

**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरी जिल्लासहित सम्पूर्ण तराई मधेशमा उदाउँदो चन्द्रमालाई अघ्र्य दिँदै चौठचन्द्र पर्व (चन्द्रमाको पूजा) सम्पन्न भएको छ । श्रद्धा र आस्थाका महान् पर्वका रुपमा मानिएको यो पर्व शुक्रबार राति आकाशमा चन्द्रमा उदाएपछि चन्द्रमालाई विभिन्न वस्तुको अघ्र्य अर्पण गर्दै सम्पन्न भएको हो । यस पर्वलाई मिथिलाञ्चलको गाउँबस्तीमा चौरचन पर्वको नाउँले पनि सम्बोधन गरिन्छ । प्रत्येक घरका ज्येष्ठ महिलाले दिनभरि निराहार उपवास बसी राति चन्द्रमाको पूजाआजा गरेका छन् । यस पर्वमा फलफूल, मिठाई, दही, पूरी र खीर खाने चलन रहेको छ । यस पर्वका लागि तराई मधेशका सम्पूर्ण घर–घरमा केरा, स्याउ, नरिवल, अनार, अम्बा, नासपाती, मकै, निम्बु तथा विभिन्न प्रकारका मिठाई र दही दुई/तीन दिनपहिले देखि नै जोहो गरेर राखिएको थियो भने घरका महिलाले दिनभरि घरघरमा पुरी, खीरलगायत वस्तुहरु पकाएर चन्द्रमा भगवान्लाई चढाउँदै पर्व सम्पन्न गरेका छन् ।

शुक्रबार साँझ पर्नासाथ घरका सबै सदस्य चन्द्रमा उदाउने प्रतीक्षामा व्यग्र भएर बसिरहेका थिए । चन्द्रमा उदाउनासाथ घरका महिलाले आँगनमा लिपपोत गरेर विभिन्न रङ्गोली बनाएर ल्याएका सबै सामग्री राखेर पूजाआजा गरेका छन् । महिलाले पूजा सकाएपछि घरका सबै सदस्यले पालैपालो आँगनमा राखिएको विभिन्न फल लिएर चन्द्रमालाई ढोग्रे र विभिन्न वर माग्दे गर्दछन् । त्यसपछि घरपरिवारका सबै सदस्यले आँगनमै बसेर प्रसाद ग्रहण गर्ने चलन छ । यस पर्वले घरका सबै सदस्यलाई एकै थलोमा जमघट गराउने र एकै साथ खाना खान लगाउने परम्पराले आपसी सम्बन्ध बलियो बनाउने भएकाले यो लोकप्रिय छ ।

# वीरगंजमा गणेश चतुर्थी महोत्सव

**मधेशदृष्टि**
**वीरगंज ।**
विघ्नहर्ता भगवान् गणेशको पूजा आराधना गरी गणेश चतुर्थी व्रत मनाइएको छ । सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको जन्म भएको शास्त्रीय मान्यता छ । यस अवसरमा देशभरका गणेश मन्दिरमा विशेष पूजा गरी गणेशको जन्मोत्सव मनाउने गरिन्छ । शिव पार्वतीका पुत्र गणेशलाई जुनसुकै धार्मिक कर्ममा अग्र पूजाको अधिकार प्राप्त छ । हरितालिका (तीज) को व्रत पारायण गरी गणेशको व्रत गर्ने शास्त्रीय मान्यता रहेको छ । भाद्र शुक्ल तृतीयाका दिन सुखद दाम्पत्य जीवन तथा सुखशान्तिको कामना गरेका व्रतालुले चतुर्थीका दिन जीवनमा विघ्न नआओस् भनी कामना गर्न गणेश पूजा गर्ने विधान गणेश पुराणमा उल्लेख छ ।

यसैबीच वीरगंज महानगरपालिका वडा नम्बर १० घडिअर्वामा शनिबारदेखि गणेश चतुर्थी महोत्सव सुरु भएको छ । घडीअर्वास्थित रामजानकी मन्दिर परिसरमा सजाइएको आकर्षक टेन्टपण्डालमा भगवान् गणेशको मुर्ति स्थापना गरी पूजापाठ गरेर गणेश चतुर्थी महोत्सव शुभारम्भ गरिएको हो । गणेश भगवानको मुर्ति अगाडि १५१ किलोको लड्डुनि राखिएको छ । भाद्र शुक्ल चतुर्थीदेखि भाद्रशुक्ल अष्टमीसम्म गणेशको पूजाआराधना गरेर गणेश चतुर्थी महोत्सव मनाइँदैछ ।



गणेशको मूर्ति बनाउँदै कालिगड : शनिबारदेखि सुरु भएको गणेश पूजाका लागि महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–१ मा भगवान् गणेशको मूर्तिलाई अन्तिम रुप दिँदै कालिगड ।
तस्विर:सञ्जीतकुमार मण्डल/रासस

जय गणेश झन्कार मण्डल परिवारका उपाध्यक्ष राकेशकुमार साहले शनिबारदेखि बुधबारसम्म भगवान गणेशको पूजाआराधना गरेर गणेश चतुर्थी मनाउन लागेको बताए । 'आज विशेष पूजाआराधना गरेर भगवान् गणेशको जन्मदिनको सुरुवात गर्दछौं', उनले भने, 'हामीले भगवान गणेशको असाध्यै प्रिय प्रसाद एक सय ५१ किलोग्राम लड्डुसहित पूजाआराधना गर्दछौं । यहाँ हजारौं भक्तजनहरुको उपस्थिति रहने अपेक्षा रहेको छ ।' वीरगंज महानगरपालिका–१० मा अवस्थित घडीअर्वा पोखरीसँगै रहेको रामजनकी मन्दिरको प्राङ्गणभित्र गणेश भगवान्को प्रतिमा तयार पारेर पूजा आराधाना गरिदैछ । उपाध्यक्ष साहले मण्डलले २८औँ पटक गणेश चतुर्थी महोत्सव गर्न लागेको जानकारी दिए । उनका अनुसार शनिबारदेखि बुधबारसम्मको अवधिमा भजन–किर्तन, अखण्ड ज्योति, छप्पन भोग प्रसाद र लड्डुमहाप्रसाद वितरण लगायतका गतिविधि गरिनेछ ।

'मुलुकमा शान्ति र समृद्धिको कामना र जनताको सुस्वास्थ्यको कामना गर्दै मनाईंदैछ', उनले भने । मण्डलका संस्थापक सदस्य मदनप्रसाद कानु सम्पूर्ण मानव जातिको रक्षा र सुख समृद्धिको कामना गर्दै गणेश चतुर्थी मनाइने बताए । 'आजदेखि गणेश चतुर्थी महोत्सव सुरु भएर पाँचौं दिनमा विर्सजन हुने गर्छ', उनले भने । जय गणेश झन्कार मण्डल परिवार र जय गणेश पूजा सञ्चालक समितिको संयुक्त आयोजनामा सुरु गरिएको गणेश चतुर्थी महोत्सवमा ५ दिनसम्म बेलुकी सन्ध्या आरति, महाप्रसाद वितरण, अखण्ड ज्योति, भजनकिर्तन र धार्मिक सांस्कृतिक कार्यक्रम आयोजना गरिने महोत्सव आयोजक समितिका अध्यक्ष मदन प्रसाद कलवारले जानकारी दिए । उनका अनुसार, धार्मिक सांस्कृतिक कार्यमका लागि भारतको कोलकता, मोतिहारीका कलाकारहरुलाई बोलाइएको छ ।

# खोलाले बगाउँदा युवक बेपत्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
मकवानपुरमा खोलाले बगाउँदा एकजना युवक बेपत्ता भएका छन् । बकैया गाउँपालिका वडा नम्बर ६ जुईनास्थित बकैया खोला तर्ने क्रममा रौतहट पौराई गाउँपालिका २ का २८ वर्षीय अकले माझीलाई खोलाले बगाएको प्रहरीले जनाएको छ । बकैया–६ जसपाल स्थित फास्ट ट्रयाकमा काम गर्दै आएका माझीलाई शुक्रबार साँझ बकैया खोलाले बगाएको हो । उनलाई ससुराली जान खोला तर्ने क्रममा बगाएको भन्ने जानकारी आएको मकवानपुर प्रहरी प्रवक्ता एवं डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए ।

माझीलाई खोलाले बगाएको खबरपछि प्रहरी चौकी गरगरेबाट प्रहरी टोली घटनास्थल पुगे पनि उनलाई फेला पार्न नसकिएको प्रवक्ता भण्डारीले बताए । बेपत्ता भएका माझीको खोजतलासका लागि इलाका प्रहरी कार्यालय निजगढसँग समन्वय भइरहेको उनको भनाइ छ । यसअघि १६ भदौमा बाराको निजगढबाट घर फर्कने क्रममा बकैया खोलाले बगाएर बकैया ६ की नानुमाया तितुङको मृत्यु भएको थियो । खोलाले बगाएकी उनलाई बाराको कोल्हवी नगरपालिका वडा नम्बर २ स्थित बकैया खोला किनारमा मृत अवस्थामा फेला पारिएको थियो ।

# सभ्य समाज निर्माणका लागि खेलकुद आवश्यक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सभ्य समाज निर्माण गर्न खेलकुद जगतले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभएको छ । शनिबार जनकपुरधाममा आयोजित जिल्ला क्रिकेट सङ्घको वार्षिक साधारणसभामा उनले आजको युगमा खेलकुद जगत रोजगारी सिर्जनासँगै राष्ट्रको पहिचान बनाउन पनि महत्वपूर्ण रहेको उल्लेख गरे । 'शिक्षा र स्वाथ्यका लागि माल नभइ आजको युगमा खेलकुदबाट राष्ट्रको पहिचान बनाउन र रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ', सभामुख मण्डलले भने । खेलकुद अनुशासन, संस्कार र स्वस्थ जीवनशैली सिकाउने मूल जरो रहेको बताउँदै उहाँले पछिल्लो समय क्रिकेटमा नेपाल विश्वस्तरमा प्रख्यात हुँदै गएको उल्लेख गरे । मधेश प्रदेश नीति आयोगका उपाध्यक्ष डा सोहन साहले खेलकुदलाई प्रदेश सरकारले प्राथमिकताका साथ योजनामा राखी आवश्यक बजेट विनियोजन गर्नुपर्नेमा जोड दिए । जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साहले खेलकुदको विकासका लागि आफू प्रतिबद्ध रहेको बताए । उनले जनकपुरधाम–१४ रजौलामा निर्माणाधीन रङ्गशालाका लागि सङ्घ सरकारले विशेष पहल गर्नुपर्ने आग्रह गरे ।

# युवकको शव फेला



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लामा एक युवकको शव फेला परेको छ । वृन्दावन नगरपालिका १ रमौली घाटस्थित बागमती नदीमा अन्दाजी ३०–३५ वर्षका युवकको शव फेला परेको हो । सशस्त्र प्रहरी बेस क्याम्प समनपुर र इलाका प्रहरी कार्यालय समनपुरबाट गएको संयुक्त टोलीले शनिबार दिउँसो उक्त शव निकालेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम ह्मागाईले बताए । फेला परेको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको सशस्त्र प्रहरीद्वारा जारी सूचनामा उल्लेख छ । बरामद शवको सनाखत भएको छैन । मृतकको पहिचान खुलाउनका लागि सबैले सहयोग गरिदिन जिल्ला प्रहरी कार्यालय रौतहटले आग्रह गरेको छ ।

# निजामती सेवा दिवसमा वृक्षारोपण



**मधेशदृष्टि**
**वीरगंज ।**
२१ औँ निजामती सेवा दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालय पर्साको परिसरमा वृहत वृक्षारोपण गरिएको छ । ग्रीन सिटी समुदायिक सेवा केन्द्र आदर्शनगर, जिल्ला प्रशासन कार्यालय पर्साको सहकार्यमा शनिबार वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा विभिन्न प्रजातिका १ सय बिरुवा रोपिएको ग्रिनसिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए ।

वातावरण संरक्षणमा योगदान दिने उद्देश्यले वृक्षारोपण गरी निजामती सेवा दिवस मनाईएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी उतम कुमार घिमिरे, निजामती कर्मचारी युनियनका केन्द्रीय उपाध्यक्ष दिलीप कुमार सिंह, अनुसन्धान कार्यालय वीरगंजका गौरीशंकर गुप्ता, नेपाल निजामती कर्मचारी युनियन पर्साका प्रमुख धन बहादुर बस्वाल, ग्रिनी सिटीका पदाधिकारीलगायतहरुको सहभागिता रहेको थियो ।




# गोठबाट अवैध गाँजा बरामद

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्ला प्रहरी कार्यालय सिरहाले करिब २ सय १७ किलोग्राम अवैध लागूऔषध गाँजा बरामद गरेको छ । कर्जन्हा नगरपालिका–१० बस्ने ४५ वर्षीय बिहारी मुखियाको गोठबाट उक्त परिमाणसहित भारत मधुबनी बलरा थाना–१२ बस्ने २० वर्षीय किसुन मुखिया समेत ३ जनालाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय मिर्चैया र प्रहरी चौकी कर्जन्हाबाट खटिएको प्रहरीले शुक्रबार उक्त गोठ तलासी गर्दा प्लाष्टिकको १४ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

# तेरापंथ युवकले बृहत रक्तदान गर्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
तेरापंथ युवक परिषद् बीरगन्ज नेपालले वृहत रक्तदान शिविरको आयोजना गर्ने भएको छ । वीरगंजमा शनिबार पत्रकार सम्मेलन गरी परिषद्ले बृहत्त रक्तदान कार्यक्रम गर्ने जानकारी दिएको छ । रक्तदान कार्यक्रम ११ दिन सम्म संचालन जानकारी दिइएको हो । बारा र पर्सा जिल्लाको विभिन्न ठाउँमा २५ गतेदेखि असोज ४ गतेसम्म रक्तदान कार्यक्रम गर्ने कार्यतालिका रहेको छ । विभिन्न उद्योग तथा अस्पताल गरी २१ ठाउँमा रक्तदान कार्यक्रमको आयोजना गर्न लागिएको परिषद्का अध्यक्ष लोकेश जैनले बताए । परिषदको केन्द्रीय कार्यालयको ६० औं वार्षिकोत्सवको अवसरमा आगामी असोज १ गते नेपाल मेडिसिटी बयोदा अस्पतालको सहयोगमा जैन भवनमा निः शूल्क मेगा मेडिकल क्याम्प आयोजना जनाएको छ ।

# बहुदरमाईमा ६५ जनामा मोतियाबिन्दु




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिकामा मोतियाबिन्दुका बिरामीको सङ्ख्या अत्यधिक रहेको पाइएको छ । नगरपालिकाको वडा नम्बर २ बैरियामा मोतियाबिन्दुका बिरामीको अवस्था रहेको खुलेको हो । बैरियामा शनिबार निशुल्क आँखा शिविर आयोजना गरिएको थियो । प्रहरी सामुदायिक कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय पर्सा, हिमालयन क्याटार्याक्ट तथा तिलगंगा आँखा अस्पताल र बहुदरमाई युवा समाजको आयोजनामा शिविर आयोजना गरिएको हो । शिविरमा एकसय २० जनाको आँखा चेकजाँच गरिएको थियो । जसमध्ये ६५ जनामा मोतियाबिन्दुको समस्या फेला परेको छ । मोतियाबिन्दुको समस्या देखिएकाहरुको आईतबार वीरगंज सामुदायिक आँखा अस्पतालमा निशुल्क शल्यक्रिया गरिने बताइएको छ ।

सम्पादकीय

# व्यवसायीको चुनाव र नेता चुन्ने कुरा

भदौ २१ मा जनकपुरधाम उद्योग वाणिज्य (जउवा) संघमा नयाँ नेतृत्वका लागि चुनाव हुँदैछ । निर्वाचनका लागि संघले आफनो तयारी तिब्र पारेको छ । संघको नेतृत्व लिनका लागि तीनजना उम्मेदवारको दौड देखिएको छ । होटल व्यवसायी सुरेन्द्र भण्डारी, आल्मुनियम व्यवसायी जितेन्द्र प्रसाद साह र सुनचाँदी व्यवसायी मनिषरमण साह यो दौडमा सामेल बनेका हुन् । यी उम्मेद्वारहरु अहिले आफ्नो पक्षमा माहोल बनाउँने र मतदाता रिझाउने ध्याउन्नमा छन् । यसका लागि उम्मेदवारत्रय घरदैलो अभियानमार्फत जनकपुरधामको उद्योग व्यवसायको पक्षमा आफूले काम गर्ने भन्दै आफ्नो एजेण्डा सुनाउन व्यस्त छन् । यसै त चुनाव भनेपछि धेरैको ध्यान खिच्ने विषय, त्यसमा पनि व्यापारीको भएपछि यसले धेरै क्षेत्रमा संलग्नप्रति उत्सकुता हुने नै भयो । समग्र व्यापारीहरुको नेता छान्ने विषय पक्कै चानचुने होइन । यसैले त जनकपुरधामका व्यवसायी, उद्योगपति, व्यापारीका अलावा विभिन्न क्षेत्रमा सम्बद्धहरुलाई चुनाव लागिसकेको छ । संघको नेतृत्वका लागि दाबी गरेको तीनै जना उम्मेदवारले आफू नेतृत्वमा पुग्न सकेमा व्यवसायीको हकहितका पक्षमा काम गर्ने दाबी गरेका छन् । व्यसायीहरुको हित संरक्षणका लागि आफूले जित्नुपर्ने बताइरहेका आकांक्षीहरुको व्यावसायिक जीवन र व्यवसायी हकहितका पक्षमा गरेका कार्यानुभव आफ्नै प्रकारका छन् । उद्योग र व्यापारसँग सम्बन्धित विभिन्न सवालहरूमा व्यवसायीहरूको प्रतिनिधित्व गर्नका लागि यस क्षेत्रको नेता हुने हो । चुनावी दौडमा रहेका प्रतिस्पर्धीहरुले संघको महत्वपूर्ण पदमा रहेर यसअघि नै आफ्नो भूमिका निर्वाह गरिसकेका छन् । अब भने अध्यक्ष नै बनेर आफ्नो नेतृत्व व्यवसायीहरुका माझमा प्रदर्शन गर्ने रुचीले अध्यक्षका आकांक्षीहरुको दैनिकी अहिले चुनावी अभियान केन्द्रित बनेको हो । संघको नेतृत्वमा यसअघि पुगेकाहरुले व्यवसायीहरुको लागि प्रभावकारी रुपमा खासै काम नगरेकाले अब त्यस्तो हुँन नदिने बाचा सहित उम्मेदवार व्यवसायीको घरदैलोमा पुगिरहेका छन् । आफूकहाँ आइपुगेको उम्मेदवार चिन्ने, उनीहरुको विषयमा धारणा बनाउँने र उपयुक्त उम्मेद्वार छान्ने काम मतदाताको हो तर त्यसअघि उम्मेद्वारहरुले पनि व्यवसायीहरुको हकहितका पक्षमा भोलिका दिनमा साँच्चै काम गर्छु भनेर प्रष्ट भिजन देखाउन सक्नुपर्छ । केवल नेतृत्वमा पुग्ने चाहना हुनु र संघको इतिहासमा एउटा नाम लेखाउन खोज्नुमात्र विषयले भने व्यवसायीको हित हुन सक्दैन । व्यवसायी, उद्योगपतिको चुनाव छ, चासो भने सबैलाई छ । व्यवसायीहरु कहाँ जोडिएका छैनन् ? हरेक क्षेत्रमा नीजि क्षेत्रको सहकार्य हुँदै आइरहेको छ । कतिपय अवस्थामा सरकार नीजि क्षेत्रसँगै सहकार्यमा छ । चुनावप्रतिको चासो र आफूअनुकुलको नेतृत्वका लागि चिन्ता विभिन्न क्षेत्रमा यतिबेला भइरहेको छ । जुन, स्वभाविक पनि हो । तर मुख्य चिन्ता यहाँ व्यवसायीहरुको हुनुुपर्छ । किनभने, व्यवसायीहरुको लागि व्यवसायीहरुले एक जना व्यवसायीलाई आफ्नो नेता चयन गर्ने उत्सव उद्योग वाणीज्य संघको चुनाव हो । तीन जना उम्मेद्वारमध्ये कसले चाँही व्यवसायीको सुख, दुःखमा साथ देला ? भोलिका दिनमा उद्योग र व्यवसायीहरूको लागि आवश्यक नीति निर्माण गर्न स्थानीय, प्रदेश तथा संघीय सरकारसँग प्रभावकारी संवादमा आफूलाई उभ्याउन कसले सक्ला ? उद्यमशीलता र व्यापार विस्तारको लागि आवश्यक कार्यक्रमहरु बनाई कार्यान्वयन गर्नका साथै व्यवसायीहरूलाई आइपरेका बेलामा विभिन्न प्रकारका कानुनी, आर्थिक, नैतिकलगायत समस्या समाधानका नेतृत्व तत्पर रहने हुनुपर्छ । मतदाताको घरदैलोमा अहिले पुगिरहँदा नेतृत्वको दाबी गर्नेहरुले समग्र उद्योग, व्यापारको क्षेत्रलाई समृद्ध, सक्षम र प्रतिस्पर्धी बनाउँन आफ्ना प्रष्ट योजना अगाडि ल्याउनुपर्छ ।

# वरदान बन्यो राष्ट्रिय गौरवको आयोजना



झलनाथ खनाल

डेढ दशक अगाडि सुरु भएको राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाको म्याद सकिन १० महिना बाँकी छ । नेपाल सरकार र विश्व बैंकको साझेदारीमा आव २०६६÷६७ सालदेखि सुरु भएको आयोजनाले कैलालीको दक्षिण पूर्वी क्षेत्रका किसानको परम्परागत सिँचाइ प्रणालीलाई विस्थापित गर्दै आधुनिक र १२औं महिना सिँचाइको पहुँचमा पु¥याउने उद्देश्य राखेको थियो । त्यसैअनुसार किसानले अहिले आयोजनाबाट प्रत्यक्ष लाभ लिइरहेका पनि छन्।

कूल १४ हजार तीन सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पु¥याउने लक्ष्य रहेको आयोजना विश्व बैंकसँगको सम्झौताअनुसार चालु आर्थिक वर्षको असारमा सम्पन्न हुँदैछ। म्याद सकिन १० महिना मात्रै बाँकी रहँदा आयोजनाको प्रगति भने ७४ प्रतिशतमा सीमित छ । २७ अर्ब ७० करोड रुपैयाँको खरिद गुरुयोजना स्वीकृत भएको आयोजनाले गत आर्थिक वर्षसम्म करिब २० अर्ब बजेट खर्च गर्न सकेको छ । 'भौतिक प्रगतिका आधारमा आयोजनाले गरेको खर्च सन्तोषजनक हो । तर म्याद सकिन लाग्दा शतप्रतिशत प्रगति हुने सम्भावना निकै कम छ,'रानी जमरा कुलरिया सिँचाइ आयोजना कार्यालयका सूचना अधिकारी नवीन पौडेलले भने,'बाँकी काम सम्पन्न गर्नतिर आयोजनाको तर्फबाट हामी लागिपरेका छौँ। आशा गरौँ काम सम्पन्न हुन्छ ।' आयोजना हालसम्म दुई चरणमा सञ्चालन भएको थियो।

सूचना अधिकारी पौडेलका अनुसार पहिलो चरणको आयोजनाको मूल नहरको काम नेपाल सरकारको लगानीमा भएको थियो भने शाखा नहर निर्माणको काम अर्थात दोस्रो चरणमा विश्व बैंकको सहयोग रहेको छ । आयोजना सम्पन्न भए टीकापुर नगरपालिका, जानकी गाउँपालिका र लम्कीचुहा नगरपालिकाको केही क्षेत्रभित्रका ३४ हजार पाँच सय ८९ घरधुरी आयोजनाबाट लाभान्वित हुनेछन् । दोस्रो चरणको कार्यक्रम स्वीकृत हुँदा आयोजनाले शाखा नहरको काम तीन भागमा विभाजन गरेर सुरु गरेको थियो । रानी, जमरा र कुलरिया गरी तीन भागमा विभाजन भएको आयोजनाले एउटा शाखाको लागि करिब रु ५० करोड खर्च गरेको छ । परम्परागत रुपमा किसानले विभाजन गरेको नामकै आधारमा आयोजनाले कामको वर्गीकरण गरेका थियो।

सूचना अधिकारी पौडेल भन्नुहुन्छ,'त्यसैअनुसार आयोजनाको ठेक्का भएर तीन ठेकेदार कम्पनीले कामको जिम्मा लिएका थिए।' रानी जमरा कुलरिया सिँचाइ आयोजना अन्तर्गत कुलरिया सिँचाइ कुलोमार्फत थप छ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पु¥याउने गरी नेपाल सरकारको लागतमा काम सुरु भएको छ । आयोजनाले लम्की स्टेशनसम्मको काम सम्पन्न गरेपछि शाखा कुलो निर्माणका लागि नेपाल सरकारले आफ्नै स्रोतबाट बजेट विनियोजन भएसँगै सिँचाइको पहुँच १४ हजार तीन सय हेक्टरबाट २० हजार तीन सय हेक्टर क्षेत्रफल पुगेको इञ्जिनीयर पौडेलको भनाइ छ । आयोजनाले ठेक्काको प्रक्रिया सुरु गर्ने तयारी गरेको छ।

**जमरा कुलोको काम ९९ प्रतिशत**

आयोजनाको जमरा कुलोतर्फको कामको प्रगति ९९ प्रतिशत पुगेको आयोजनाले जनाएको छ । रामेछाप शेर्पा कान्छाराम जेभीले ठेक्का पाएको जमरा कुलोको काम लगभग सकिएको कम्पनीका निर्देशक छिरिङ शेर्पाले बताए । उनका अनुसार संरचनागत काम सम्पन्न भएर भुक्तानीको काम बाँकी रहेको छ। 'हामीले काम सम्पन्न गरिसकेका छौँ । सामान्य काम र भुक्तानी मात्रै बाँकी छ । दशैँसम्म सबै सम्पन्न गर्ने गरी लागेका छौँ।' उनले भने, 'दशैपछि आयोजना हस्तान्तरण गर्ने तयारी गरेका छौँ।' २०७७ को अन्तिममा ठेक्का सम्झौता भएको आयोजनाको काम तीन वर्षमा सम्पन्न भएको शेर्पाले बताए । आयोजनाको संरचनागत प्रगतिको प्रमुख आधार जमरा कुलो बनेको छ।

**रानीको प्रगति ४५ प्रतिशत मात्रै**

आयोजनाको रानी कुलोतर्फको कामको स्थिति निकै निराशाजनक देखिएको छ । गौरी पार्वती जेभीले ठेक्का पाएको रानी कुलोको प्रगति गत आर्थिक वर्षको अन्तिमसम्म ४५ प्रतिशत मात्रै देखिएको छ । सम्झौता अनुसारको म्याद पुसमा सकिँदैछ । त्यो समयावधिभित्र रानी कुलोको काम सम्पन्न हुने स्थिति निकै कम छ । आयोजनाको तर्फबाट कम्पनीलाई ताकेता भइरहेको छ । काम सम्पन्न हुने सम्भावना निकै कम छ । सम्झौता भएअनुसारको समयभित्र काम सम्पन्न नभए ठेक्का तोड्ने सम्मको प्रक्रिया आयोजना कार्यालयले सुरु गरेको छ।

उता निर्माणको जिम्मा पाएको गौरी पार्वती जेभीका प्रबन्धक रामकुमार थापाले सम्झौता भएको दुई वर्षपछि काम सुरु भएको हुँदा कामको प्रगति कम देखिएको बताए। 'पहिले अर्कै कम्पनीले काम गर्छौं भनेको थियो । दुई वर्षसम्म त्यसले काम नगर्दा अहिले समस्या आयो' , उनले भने, 'अहिले हामी आफैँ लागेका छौँ । अहिले दुई सिफ्टमा काम भइरहेको छ । सम्भवतः समयमा काम सम्पन्न गर्ने गरी कामको गति बढाएका छौंँ।' उनले आयोजनाको काम समयमा सम्पन्न नगरे आफैँलाई घाटा हुने भन्दै गम्भीरतापूर्वक कामको गति बढाइएको बताएका छन्।

कुलरियाको पनि अवस्था उस्तै

कुलरिया कुलोको कामको प्रगति पनि सन्तोषजनक देखिएको छैन । हाई हिमाल हाइड्रोपावर कन्स्ट्रक्सनले कामको जिम्मेवारी पाएको आयोजनाको म्याद आउने मंसिरमा सकिँदैछ। यो स्थितिसम्म आयोजनाको प्रगति ६५ प्रतिशत मात्रै देखिएको छ । 'सम्झौता भएको म्यादसम्म काम सम्पन्न हुने सम्भावना कतैबाट देखिँदैन', साइड इन्चार्ज प्रशान्त चौधरी भन्छन्, 'अहिले वर्षातको समयमा काम गर्न सकिएको छैन। असोजभन्दा अगाडि काम सुरु हुने स्थिति पनि कम छ। त्यसपछिको समयमा बाँकी रहेको ३५ प्रतिशत काम सकिँदैन।'

**नदी नियन्त्रणमा अर्बौं खर्च**

सिँचाइसँगै नदी कर्णाली नदी नियन्त्रणमा पनि अर्बौं बजेट खर्च गरेको छ। खासगरी टीकापुर नगरपालिका र जानकी गाउँपालिकामा वर्षौंदेखि कर्णाली नदीको जोखिमलाई कम गरेको स्थानीय समाजसेवी रामबहादुर सुनारको भनाइ छ । नदी नियन्त्रणका लागि २५ किलोमिटर तटबन्धको काम भएको छ। कर्णाली नदीमा तटबन्धको काम सफल नभएपछि ठूलो ढुङ्गा खसालेर नदी नियन्त्रणको काम आयोजनाले गरेको छ । अहिले पनि नदी नियन्त्रणको काम आयोजनाले गरिरहेको छ। पुल पथरैया नदीमा तीन ठूला पुल निर्माण भइरहेका छन् । २० मिटरभन्दा कम लम्बाइ भएका १३ भन्दा बढी पुल निर्माण भएका छन् । सडक सञ्जाल विस्तारमा पनि आयोजनाको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । 'स्थानीय सरकारको बजेटले कहिल्यै नबन्ने सडक आयोजनाको लागतमा बनेका छन्' रामबहादुर भन्छन्, 'आयोजना दक्षिण पूर्वी क्षेत्रका स्थानीयका लागि वरदान बनेको छ।'

**आयोजनाबाट विद्युत् उत्पादन**

गौरवको आयोजनाले सिँचाइसँगै विद्युत् उत्पादनको काम समेत गरेको छ। ४ दशमलव ७ मेगावाट क्षमता रहेको विद्युत् गृहले हाल ३ दशमलव १ मेगावाट विद्युत् उत्पादन गरिरहेको छ । तीनवटा युनिटबाट विद्युत् उत्पादन लक्ष्य रहेको विद्युत् गृहले हाल दुईवटा युनिटबाट विद्युत् उत्पादन गर्दै आएको छ । विद्युत् गृहमा आयोजनाले रु एक अर्ब लगानी गरेको छ। यस आयोजनाबाट विद्युत् बेचेर वार्षिक ३० करोड रुपैयाँ आम्दानी गर्ने लक्ष्य लिइएको छ। हाल विद्युत् उत्पादन भएर राष्ट्रिय प्रशारणमा जोडिएको छ।

विद्युत् गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार भएको छैन । अध्ययनका नाममा कार्यविधि सात महिनादेखि मन्त्रालयमै रहेको आयोजनाले जनाएको छ। आयोजनाले पुसमै कार्यविधि तयार पारेर स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा बुझाएको थियो।

**कृषि क्षेत्रमा पनि अर्बौं खर्च**

गौरवको आयोजनाअन्तर्गत कृषि लक्षित कार्यक्रममा पनि अर्बौं खर्च भएको छ। कृषि कार्यक्रम कार्यान्वयन इकाइमार्फत किसानलाई अनुदानमार्फत ठूलो सहयोग गर्दै आएको छ । कृषि औजार, बीउबिजन, भौतिक संरचना निर्माणदेखि बिजवृद्धिको कार्यक्रम, केरा खेती, तरकारी खेती, पशुपालनलगायतका क्षेत्रमा कार्यान्वयन इकाइले किसानलाई सहयोग गरिरहेको कार्यक्रम कार्यान्वयन इकाईका प्रमुख भरत कँडेल बताउँछन्।

किसान, कृषि सहकारीलाई अनुदानमार्फत कृषि क्षेत्रमा ठूलो खर्च गरेको आयोजना आफूहरुका लागि वरदान भएको स्थानीय किसान धनसिंह साद बताउँछन् । 'कैयौंँ किसानलाई आयोजनाले व्यावसायिक किसान बनाएको छ । कृषि क्षेत्रलाई आधुनिकीकरणमा लैजान आयोजना निकै फलदायी बनेको छ'' उनी भन्छन् । कृषि कार्यक्रम कार्यान्वयन इकाईले सात करोड रुपैयाँको लागतमा शीतभण्डार निर्माण गर्दैछ।

तेस्रो चरणको कार्यक्रम कति सम्भव ?

दोस्रो चरणको कामको समयावधि सकिनै लाग्दा तेस्रो चरणमा म्याद थप हुने कि नहुने भन्ने चासो बढ्दै गएको छ । आयोजनाका अनुसार तेस्रो चरणको कार्यक्रम स्वीकृत हुने सम्भावना रहेको छ। तर कुलरिया कुलोमार्फत पथरैया नदीदेखि कान्द्रा नदीसम्म काम गर्ने गरी तेस्रो चरणको कार्यक्रम स्वीकृत हुनसक्ने स्थिति रहेको आयोजनाले जनाएको छ । 'तेस्रो चरणको कार्यक्रम स्वीकृत भए पनि रानी र जमरालाई छोडेर लम्की क्षेत्रतिर आयोजना केन्द्रित हुनसक्छ।

त्यसका लागि हामीले पेश गर्नुपर्ने योजना पेस भइसकेको छ भने अर्थ मन्त्रालयबाट स्वीकृत भएर विश्व बैंकमा पेस भएको छ' आयोजना कार्यालयका सूचना अधिकारी पौडेलले भने, 'तेस्रो चरणमा रानी जमरा कुलरियाको लागि आयोजनाको काम थप हुने सम्भावना निकै कम छ ।' पथरैयादेखि कान्द्रा नदीसम्मको आयोजना स्वीकृत भए थप १८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ। त्यसपछि आयोजनाबाट ३८ हजार तीन सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ । पथरैया नदीदेखि कान्द्रासम्म आयोजनाको क्षेत्र विस्तार हुँदा कैलालीको बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका, जोशीपुर गाउँपालिका र भजनी नगरपालिकासम्म सिँचाइको पहुँच पुग्नेछ । रासस

# मुलुकको समृद्धि र सेवा प्रवाहमा निजामती प्रशासन



गजेन्द्रकुमार ठाकुर

'व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन' भन्ने नाराका साथ शनिबार निजामती सेवा दिवस मनाइएको छ। २०१३ भदौ २२ गते निजामती सेवा ऐन जारी भएको स्मरणमा २०६१ सालदेखि सरकारले निजामती सेवा दिवस मनाउँदै आएको हो । क्रमसङ्ख्याको हिसाबले यस वर्षको दिवस २१औँ निजामती सेवा दिवस हो। विसं २०१३ मा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको सरकारले यो ऐन जारी गरेको थियो । त्यसयताको ६७ वर्षको इतिहासमा निजामती प्रशासन सार्वजनिक प्रशासनको मूल आधारको रुपमा रहँदै आएको छ। लामो विगतको विरासतका रुपमा रहेको र निजामती सेवासम्बन्धी कानुनअनुसार सञ्चालनमा रहेको सेवाका रुपमा निजामती सेवाका आफ्नै मौलिक मूल्य मान्यताहरु रहेका छन्। अबको निजामती प्रशासनलाई प्रविधिमैत्री बनाइ सरल र सहज रुपमा सेवा प्रवाह गर्नुपर्नेछ । राज्यको नीति, योजना, कार्यक्रम र बजेट कार्यान्वयन गर्ने प्रमुख संयन्त्रको रुपमा रहेको निजामती प्रशासन निष्पक्ष र जनउत्तरदायी हुनुपर्छ।

सूचना र प्रविधिलाई उच्च रुपमा प्रयोग गरी सेवाग्राहीलाई सहज रुपमा सेवा प्रवाहगर्नु नै निजामती प्रशासनको मुख्यध्येय रहनुपर्छ । निजामती प्रशासन स्थायी सरकार भएकाले कुनै राजनीतिक दबाब, प्रभावमा नपरी अनुसाशित भई देश र जनतालाई केन्द्रमा राखी कर्तव्यनिष्ठाबाट चुक्नु हुँदैन । नेपालको विभिन्न शासकीय व्यवस्थामा निजामती सेवाले आफ्नो सक्रिय सहभागिता जनाउँदै पनि आएको छ । लोकतान्त्रिक शासन व्यवस्थामा यसको भूमिका र जिम्मेवारी अझ गहन रहेको छ। मुलुकमा उत्पन्न हुने विभिन्न प्राकृतिक विपद्का समयमा पनि राष्ट्रसेवकले सम्पादन गर्ने कामबाट जनताले पाउने सेवा अझ बढी अनुभूति गरेका हुन्छन्। निजामती कर्मचारीले सिर्जनशील भएर सेवा प्रवाह गर्न प्रविधिमैत्री भई यसको प्रयोग बढाउन र इमान्दारितापूर्वक काम गर्न सकेको अवस्थामा मात्रै देशको समृद्धि र जनताले सेवा पाउन सक्छन्।

नयाँ संविधान जारी भएपश्चात मुलुक सङ्घीय संरचनामा रुपान्तरित भयो । नजिकको सरकारबाट सेवा सुविधा पाउने त भनियो तर समयमा मार्गदर्शक कानुन जारी हुन नसक्दा सेवामा संलग्न जनशक्ति अन्योलमा रहन पुगे। संविधान जारी भएको लामो समय वितिसक्दा पनि सङ्घीय निजामती सेवा ऐन नहुँदा निजामती सेवालाई प्रभावकारी बनाउन समस्या भइरहेको छ। ऐन अभावले कर्मचारी व्यवस्थापन, परिचालन र क्षमता अभिवृद्धिमा चुनौती भइरहेको छ।आज सङ्घीय निजामती दिवस मनाइरहँदा ऐनको अभावमा निजामती सेवालाई चुस्त, प्रभावकारी र निजामती कर्मचारीलाई जनउत्तरदायी बनाउन समस्या परेको छ । स्थायी सरकारको रुपमा लिइने निजामती सेवालाई व्यवस्थित र परिचालन गर्ने सङ्घीय छाता ऐन नहुँदा प्रदेश निजामती सेवा ऐन पनि कार्यान्वयनमा कठिनाइ भइरहेको छ।

संविधान जारी भएको लामो समयसम्म पनि सङ्घीय निजामती ऐन जारी हुन नसक्दछ निजामती सेवामा समस्या भइरहेको छ,ऐनको अभावमा कर्मचारी व्यवस्थापन, परिचालन र उनीहरुको क्षमता अभिवृद्धिमा चुनौती बढेको छ । निजामती सेवा ऐन समयमा नआएर धेरै अफठ्यारो भइरहेको अवस्था छ । मुलुक सङघीयतामा गइसकेपछि संविधानको व्यवस्था अनुरुप सङ्घीय ऐनसँग बाझिएको खण्डमा प्रादेशिक ऐन वा स्थानीय ऐन स्वतः खारेजी हुनेछ भनिएको छ। प्रदेशमा निजामती सेवा ऐन बनेपनि सङ्घीय छाता ऐन नहुँदा त्यो कार्यान्वयन हुन सकिरहेको छैन । सरकारले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० सङ्घीय संसद्मा पेस गरिसकेको छ।

प्रतिनिधिसभामा दफाबार छलफल भएको उक्त विधेयक अहिले दफाबार छलफलका लागि समितिमा पठाइएको छ ।निजामती सेवा नेपालको महत्वपूर्ण सेवा भएको र यो स्थायी सरकारको रुपमा रहेको भन्दै देश सञ्चालन गर्नको लागि चाहिने नीति निर्माण कार्यान्वयन र त्यसको अनुगमन, मूल्याङ्कन सबैमा यसको महत्वपूर्ण भूमिका रहन्छ । उपयुक्त कार्यमा निजामती कर्मचारीहरु विगतदेखिनै संलग्न भइरहका तथा राज्यका सम्पूर्ण निकायमा यसको पहुँच रहेको छ । सबै मन्त्रालयमा यसको प्रभाव छ । उदाहरणको रुपमा गृहमन्त्रालयमा माथिल्लो काम गर्ने कर्मचारी सबै निजामती सेवाबाटै आएका हुन्छन्। सैनिक सेवामा पनि समन्वयको काम निजामती कर्मचारीबाटै हुन्छ । शिक्षामा पनि मन्त्रालयमा समन्वय र सहकार्य गर्ने सबै निजामती सेवाकै कर्मचारी हुन्छन्।

त्यस्तै अन्तर्राष्ट्रियस्तरमा पनि समन्वय र सहकार्यको काम निजामती सेवाका कर्मचारीबाटै हुने गरेको छ। भन्नुको मतलव देश निर्माणका लागि चाहिने नीति निर्माण बनाउने, संस्थागत विकास गर्ने तथा बनाइएका नीति नियमको परिपालना गर्ने गराउने र त्यसबाट कस्तो किसिमको परिणाम आयो त्यसको मूल्याङ्कन, अनुगमन गर्ने र पूर्ण समीक्षा गर्ने यो व्यवस्थापकीय पूरै चक्रमा निजामती सेवाको महत्वपूर्ण भूमिका रहेको छ । अहिले पुरानो निजामती सेव ऐन २०४९ अनुसार निजामती प्रशासन सञ्चालनमा छ। उक्त ऐनअनुसार देश सङ्घीय गणतन्त्रातम व्यवस्थामा गइसकेपछि पुरानो ऐनको राम्रो पक्ष पनि अवलम्बन गर्न नसकिएको र नयाँ ऐन पनि नआएका कारण समस्या भएको छ । एउटा ऐनविहीन अवस्था भइसकेको छ । जसले गर्दा कर्मचारीको व्यवस्थापन गर्न, कर्मचारी परिचालन गर्न र उनीहरुको क्षमताअभिवृद्धि गर्न समस्या भइरहेको छ । निजामती ऐन ढिलो आउनुमा कुनै एउटा पक्षको कमीकमजोरी भन्दा पनि समष्टिगत रुपमा हेर्नुपर्ने हुन्छ। राजनीतिक अस्थिरताका कारण पनि निजामती सेवा ऐन समयमै आउन सकिरहेको छैन।

यो राजनीतिक विषय पनि हो। निजामती सेवा ऐनको समयमै मस्यौदा तयार गरेर संसद् र संसदीय समितिमा पुगेको विधेयक अड्कियो । त्यहाँ राजनीतिक दलहरुबीच समझदारी नहुँदा विधेयकले गति लिनसकेको छैन । संसदीय समितिमा पनि धेरै संशोधनको धेरै कुरा आएको छ। तर, हामी आशावादी छौँ यो ऐन चाँडै प्रक्रियामा गएर पारित हुनेछ। वर्तमान सन्दर्भमा हाल रहेका राजनीतिक दलहरुबीच सशक्त र जुझारुखालको निजामती सेवा बनाउने गरी सङ्घीय निजामती ऐन जारी गर्ने कार्य गर्न सकेमा यस वर्षको निजामती सेवा दिवसको सार्थकता रहने देखिन्छ।

स्थायी सरकारको रुपमा लिइने निजामती कर्मचारी कार्यअवधि नसकिदै चाँडो चाँडो सरुवा हुने परिपाटीले पनि कर्मचारी प्रशासनमा केही समस्या ल्याएको छ । कर्मचारीको समग्र व्यवस्थापन र परिचालनका लागि ऐन कानुनको महत्वपूर्ण भूमिका हुने गर्दछ । ऐनको अभावमा प्रशासनिक र व्यवस्थापकीय कार्य चुनौतीपूर्ण बन्दै गएको छ। ऐन नै नभएपछि कुन चिजलाई पालना गर्ने, त्यसैले जुन कार्यालयमा जसले नेतृत्व गरेको हुन्छ, उहाँहरुले गरेको निर्णलाई आधार मानेर जानुपर्ने बाध्यता छ। अहिलेको मुख्य समस्या ऐन नै नभएकाले कर्मचारीको व्यक्तिगत र मनोमानी रुपमा सरुवा गर्ने प्रवृत्ति बढिरहेको छ।

पहिले यस्तो थिएन । निश्चित अवधि तोकिएको हुन्थ्यो, व्यवहारमा पनि लागू हुन्थ्यो यसको समाधान ऐन आएपछि नै हुन्छ। कर्मचारीचन्त्रमा पनि राम्रा र खराब मान्छे दुबै हुन्छन् । सर्वोत्कृष्ट कर्मचारीको मापदण्ड बनाएर तल्लो तहदेखि माथिल्लो स्तरसम्मका कर्मचारीमा पारदर्शी वातावरण बनाउन सकेको भए निश्चयनै नेपालमा धेरै उत्कृष्ट कर्मचारी छन् योग्य र सक्षम छन् । तर, मापदण्डको अभावमा अन्तिम समयमा निश्चित क्षेत्रमा खोजेर उत्कृष्ट कर्मचारी पाउन कठिन हुन्छ निजामती प्रशासनमा वित्तीय अनुशासनको कुरा पनि आउने गरेको छ । अख्तियार दुरुपुयोग अनुसन्धान आयोगको त्रासले कर्मचारीहरु निर्णय प्रक्रियामा डराउने प्रवृत्ति पनि पछिल्लो समय देखिएको छ । वित्तीय उत्तरदायित्वका लागि आर्थिक ऐन तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली २०७६ को पालना गर्नु निजामती कर्मचारीको कर्तव्य हो । कर्मचारीमा चाँडो सरुवा हुँदा विषय विज्ञता र निर्णय क्षमताको पनि कमी हुन्छ । अर्कोकुरा कर्मचारीमा पनि सबै राम्रा छन् भन्न सकिन्न, केहीको अज्ञानता र गलत मनसायले पनि नकारात्मक आचरणमा लागेका हुन्छन्। त्यसैले ऐन कानुनको कसैले उल्लङ्घन गरेमा। निर्णय प्रक्रियामा आर्थिक ऐन विपरीत गएमा अख्तियारजस्ता नियमक निकायले अनुसन्धान र छानबिन गरेर कानुनी दायरामा ल्याउनुपर्ने विषय स्वभाविक हुन् । अन्त्यमा निजामती सेवाको आदर्श र यस क्षेत्रमा अन्य क्षेत्रबाट हुने व्यवहारले सुशाशन र प्रशासनप्रति जनविश्वास जाहेर गर्दछ। (लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुनुहुन्छ) रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउन मुख्यमन्त्री पाण्डेको आग्रह




**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सार्वजनिक सेवा प्रवाहमा कर्मचारीले प्रविधिलाई अबलम्बन गर्नुपर्ने बताएका छन् ।

निजामती सेवा दिवस मूल समारोह समिति गण्डकी प्रदेशद्वारा निजामती सेवा दिवस २०८१ का अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले सार्वजानिक सेवा प्रवाहलाई समयसापेक्ष चुस्त बनाउन नवीनतम प्रविधिले सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे । जनताले लिएर आउने सार्वजनिक सेवाका हरेक काममा सकारात्मक हुनुपर्नेमा जोड दिँदै उनले नहुने भएमा के कारणले नहुने हो त्योबारे स्पष्ट पार्नुपर्ने बताए । उनले भने,'सरकार भनेको तल्लो तहमा काम गर्नेदेखि उच्च पदस्थ पदमा रही काम गर्ने कर्मचारी र राजनीतिक नेतृत्व सबै पर्दछन् । यी दुई बीचमा एकापसमा दोषारोपण गरेर मात्रै हुँदैन ।'

सङ्घीय निजामती ऐन जारी नहुँदा कतिपय चाहेर गर्नुपर्ने काम पनि गर्न नसकिएको जनाउँदै उनले प्रदेशका तर्फबाट गर्न सकिने सबै किसिमका समस्या समाधानका लागि तयार रहेको बताए ।

गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले सुशासन, समृद्धि र विकास आजको आवश्यकता भएको बताए । सार्वजनिक सेवामा जनताको पहुँच बढाउने गरी काम गर्नुपर्नेमा उनले जोड दिए ।

कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले नेपालको निजामती प्रशासन राज्यका हरेक परिवर्तनलाई आत्मसात गर्दै अघि बढिरहेको बताए । पछिल्लो समयमा निजामति प्रशासनलाई नकारत्मक तबरबाट हेर्ने क्रम बढिरहेको बताउँदै उनले जनताको मन जित्ने गरी काम गर्नुपर्ने आवश्यकता औँल्याए ।

कर्मचारी मिलन केन्द्र कास्कीका अध्यक्ष लोकनाथ आचार्यले चुस्त प्रशासनका माध्यमबाट निजामति कर्मचारीप्रति बढ्दै गएको नकारात्मक धारणा हटाउनुपर्नेमा जोड दिए । पूर्वकर्मचारी परिषद्का तर्फबाट स्वास्थ्य सेवातर्फबाट निवृत्त भएकी नानु थापा लगायतलाई सम्मान गर्नुका साथै परिषद्ले प्रकाशन गरेको गोधुलीको सन्देश लोकार्पण गरिएको थियो । त्यस्तै कर्मचारी सम्वद्ध विभिन्न सङ्घ सङ्गठनका तर्फबाट निजामती सेवा दिवसका अवसरमा आयोजित कार्यक्रमका विजयी तथा सहभागीलाई पुरस्कार एवं सम्मानपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा कर्मचारी सङ्घ सङ्गठनका प्रतिनिधिले सेवाग्राहीमैत्री सेवाप्रवाहमा जोड दिँदै राजनीतिज्ञ र कर्मचारीबीचको असल सम्बन्ध आवश्यक भएकोमा जोड दिए । उनीहरुलेसङ्घीय निजामती ऐन जारी माग समेत गरे । रासस

# गुणस्तरीय निर्माणलाई मूलमन्त्र बनाउन मुख्यमन्त्रीको आग्रह



**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राष्ट्र निर्माणमा निर्माण व्यवसायीहरुले महत्वपूर्ण योगदान रहेको बताउँदै गुणस्तरीय निर्माणलाई मूलमन्त्र बनाउन आग्रह गरेका छन् ।

मोरङ निर्माण व्यवसायी सङघको २७ औँ साधारण सभाको शनिबार उद्घाटन गर्दै उनले व्यवसायीहरुले निर्माण क्षेत्रका समस्या समाधान गर्न आफू तयार रहेको बताए । उनले खरिद ऐनप्रति लक्ष्य गर्दै निर्माण व्यवसायीलाई सहज हुनेगरी नीतिनियम सच्च्याइने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'चालु आर्थिक वर्षको मौद्रिक नीतिले निर्माण व्यवसायीमा आशा जगाएको छ ।'

साथै उनले व्यवसायीलाई भुक्तानी दिने प्रतिबद्धता पनि ब्यक्त गरे ।

निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले भुक्तानीमा भएको विलम्बले निर्माण व्यवसायीहरु गम्भीर आर्थिक समस्यामा परेका बताए । उनले सम्पन्न भएका परियोजनाको रकम अविलम्ब दिनुपर्नेमा जोड दिए । उनले निर्माण व्यवसायी संघका कारण २५ लाखले रोजगारी पाएका बताए । रासस

# संविधान दिवस, २०८१ विशेष रुपमा मनाइने



**काठमाडौँ ।**
नेपाल सरकारले संविधान दिवस (राष्ट्रिय दिवस), २०८१ तीन दिनसम्म विभिन्न कार्यक्रम गरी विशेष रुपमा मनाउने भएको छ ।

संविधानसभाबाट नेपालको संविधान २०७२ असोज ३ गते जारी भएको ऐतिहासिक दिनलाई सदाझैँ स्मरणीय र हर्षोल्लासका साथ दिवस मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ । मूल समारोहका कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि विभिन्न उपसमितिसमेत गठन गरिएको छ ।

समितिले आगामी असोज २, ३ र ४ गते तीन दिनसम्म नेपालभित्र र विदेशस्थित नेपाली दूतावास तथा नियोगहरुमा

दीपावलीलगायत कार्यक्रम गर्ने तथा असोज ३ गते संविधान दिवस मनाउने निर्णय गरेको हो । समितिको निर्देशानुसार असोज २ गते सङ्घीय सरकार तथा केन्द्रीयस्तरका

कार्यक्रमअन्तर्गत

संविधानका विषयमा केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटकलगायत जनचेतनामूलक

कार्यक्रमहरूको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाइएको छ ।

त्यस्तै, राष्ट्रियस्तरका छापा सञ्चारगृहहरूलाई संविधान दिवस (राष्ट्रिय दिवस) को उपलक्ष्यमा

विशेषाङ्क÷स्मारिका प्रकाशन गर्नाका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख–रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने समितिले निर्णय गरेको छ । रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवं निजी क्षेत्रका अन्य विद्युतीय तथा छापा सञ्चार माध्यमहरूबाट संविधानको महत्वको बारेमा कार्यक्रम प्रसारण÷प्रकाशन गराउने तथा परिसंवाद कार्यक्रम सञ्चालन गरिने समितिले जनाएको छ ।

त्यस्तै, सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घसंस्थाका कार्यालयहरूको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्र र सबै सरकारी तथा गैरसरकारी कार्यालयमा दीप प्रज्वलन गर्ने व्यवस्था मिलाइने छ । आम नागरिकलाई आ–आफ्नो घरको छत, बरन्डामा राष्ट्रिय झन्डा सजाउन र साँझ दीपावली गर्न आह्वान गर्ने, सम्भाव्य फराकिला सार्वजनिक चोकहरूमा राष्ट्रिय गान र राष्ट्रभक्तिका साङ्गिक महोत्सव आयोजना गरिने छ । आगामी असोज ३ गते नेपाली सेनाद्वारा सैनिक मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाइँ (स्याल्भो र भली फायर) गरिने छ । नेपाली सेनाको हेलिकप्टरबाट 'संविधान दिवस, २०८१' अङ्कित ब्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक मञ्च, टुँडिखेलमा हेलिकप्टरबाट पुष्पवृष्टि र ब्यानर प्रदर्शन गर्ने कार्यक्रम छ । नेपाली सैनिक मञ्च, टुँडिखेलमा संविधान दिवस, २०८१ को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक सङ्घसंस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, कर्मचारीहरू तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गरिने छ ।त्यसैगरी, असोज ४ गते सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घसंस्थाका कार्यालयहरूको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्रमा दीप प्रज्वलन गर्ने समितिको निर्णय छ । विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा असोज २, ३ र ४ गते कार्यालयको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्वलन गर्ने, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालको विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री तयार गरी समुचित प्रचारप्रसारका लागि परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली कूटनीतिक निकायहरुमा पठाइने समितिले जनाएको छ ।

यसैगरी, प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका लागिसमेत विभिन्न कार्यक्रम तय गरिएको छ । मूल समारोहका कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा प्रचारप्रसार र प्रधानमन्त्री कार्यालयका सचिवको संयोजकत्वमा जनस्तरको सहभागितासहित राष्ट्रिय गीतहरुको कार्यक्रम व्यवस्थापन

उपसमितिहरुसमेत गठन गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा सांस्कृतिक झाँकी व्यवस्थापन, रक्षा मन्त्रालयका सचिवको संयोजकत्वमा सांस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन, काठमाडौँका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ग्राउन्ड, कवाज तथा व्यायाम व्यवस्थापन एवं काठमाडौँ महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा मञ्च सजावट तथा व्यवस्थापन उपसमिति समिति गठन गरिएको छ । रासस

# नेवारी सभ्यता समाजवादसँग मिल्दोजुल्दो छः अध्यक्ष दाहाल



**काठमाडौँ ।**
पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेवारी सभ्यताभित्र रहेको साझापन र आत्मनिर्भर अर्थतन्त्रको अभ्यास समाजवादी व्यवस्थासँग मिल्दोजुल्दो भएकाले यसलाई अझ प्रवद्र्धन गर्नुपर्ने बताएका छन् ।

ललितपुर महानगरपालिका वडा नम्बर २१ खोकनामा लागेको बाह्र वर्षे मेलामा समापन मन्तव्य व्यक्त गर्दै उनले नेवाः सभ्यताको मौलिकतालाई कायम राख्दै नेवारी संस्कृतिलाई पर्यटन र आर्थिक समृद्धिसँग जोड्नुपर्ने बताए ।

गणराज्यकै झल्को दिने गरी नेवार समुदायमा रहेको आर्थिक आत्मनिर्भरता, सामाजिक सद्भाव र सौहार्द अनि सांस्कृतिक मौलिकपनलाई समाजवादी व्यवस्थाको भ्रुणका रुपमा औल्याउँदै उनले यसले नेवा सभ्यताको संरक्षणमा मात्र नभई समग्र मुलुककै संस्कृति संरक्षण र समाज व्यवस्थाका लागि महत्वपूर्ण योगदान दिइरहेको स्पष्ट गरे ।

मुलुकको आर्थिक विकास, सामाजिक सौहार्दता र संस्कृति संरक्षणको क्षेत्रमा मात्र नभई नेवाः समुदायले मुलुकको राजनीतिक परिवर्तनका लागि पनि ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै अध्यक्ष दाहालले भने, 'खासगरी दश वर्षे महान् जनयुद्ध र ऐतिहासिक जनआन्दोलनमा नेवाः समुदायले गरेको योगदान अवस्मरणीय र अद्धितीय छ । यही योगदानकै फलस्वरुप हामीले नेपालको संविधानमार्फत सबै जाति, क्षेत्र, लिङ्ग, भाषा, समुदायका अधिकार सुनिश्चित गरेका छौं र अहिले अहिले कार्यान्वयनको चरणमा छौं ।' अब पनि सुशासन, सामाजिक न्याय र समृद्धि हुँदै नेपाली जनताले देखेको समाजवाद निर्माणको सपना पूरा गर्न यो समुदायले ऐतिहासिक र निर्णायक भूमिका निर्वाह गर्ने उनले विश्वास व्यक्त गरे ।

नेवारी सभ्यता विविधतापूर्ण भएको र त्यसमा पनि अझ नेपालमण्डलकै एक मौलिक प्राचीन वस्ती खोकना पृथक सांस्कृतिक पहिचानसहित स्थापित रहेको औल्याउँदै अध्यक्ष प्रचण्डले देशभरमै फरक पहिचानका साथ लाग्ने १२ वर्षे मेला मुलुककै महत्वपूर्ण संस्कृतिको रुपमा रहेको बताए । भुटेको तोरीको तेलका लागि प्रशिद्ध खोकनाले नेपालमै पहिलोपटक बिजुली बत्ती बलेको ठाउँको रुपमा पनि पनि आफ्नो पहिचान स्थापित गरेको उल्लेख गर्दै उनले आफ्नै उत्पादन, आफ्नै ब्यापार, आफ्नै भेषभुषासहित खोकनाबासीले सबै क्षेत्रमा मौलिकता स्थापित गर्न सफल हुनु मुलुकमै नमुनायोग्य भएको बताए ।

सामाजिक एकता, भाषा संस्कृतिको संरक्षण, मूर्त र अमूर्त संस्कृतिको प्रवर्धन गर्न नेवाः समुदायले निर्वाह गरेको भूमिकालाई राज्यले यथेष्ट सम्मान गर्न आवश्यक रहेको उहाँले बताए । खोकनालाई नेपालमा मात्रै होइन, अन्तर्राष्ट्रियस्तरमै स्थापित गर्न आवश्यक छ रहेको औल्याउँदै पुरातत्वविद्, इतिहासकार र अन्वेषकहरुको सहयोगमा विश्व सम्पदासूचीमा सूचिकृत गर्ने उद्देश्यसहित स्थानीय सरकारले पहल लिनुपर्ने अध्यक्ष दाहालले बताए ।

आफूहरुले नेवाः सभ्यतालाई स्थापित गर्न आफूले महत्वपूर्ण काम थालेका स्मरण गराउँदै उनले आफू पहिलोपटक प्रधानमन्त्री भएको बेला २०६५ सालमा नेपाल संवतलाई राष्ट्रिय संवतको मान्यता प्रदान गर्ने घोषणा गरेको र पछिल्लोपटक सरकारको नेतृत्व गरेको बेला २०८० कार्तिक २७ गतेको मन्त्रिपपरिषद् बैठकबाट नेपाल संवतलाई हरेक सरकारी कागजातमा उल्लेख गर्ने व्यवस्था मिलाएको जानकारी दिए । अहिले बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषा हुनु थप ऐतिहासिक काम भएको अध्यक्ष दाहालको भनाइ छ । रासस

# सामान्य प्रशासन मन्त्री भन्छन्–'निजामती सेवा जनताको भरोसाको केन्द्र'

**काठमाडौँ ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले स्थायी सरकारको रुपमा रहेको निजामती सेवा जनताको आशा र भरोसाको केन्द्र भएकाले जनताको घरदैलोमा पुगेर अहोरात्र सेवा प्रदान गरिरहेको बताएका छन् ।

एक्साइसौँ निजामती सेवा दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले सीमित स्रोत, साधन एवं पारिश्रमिकका बावजुद राष्ट्र सेवामा निरन्तर खटिरहेका निजामती कर्मचारीको मनोबल उच्च बनाइ आफ्नो काममा थप उत्प्रेरित तुल्याउन आवश्यक भएको बताए ।

मन्त्री गुप्ताले भने, 'कर्मचारीको क्षमता विकासमार्फत प्रविधिमैत्री सेवा प्रवाह गर्नु आजको आवश्यकता हो ।' नयाँ बन्ने सङ्घीय निजामती सेवा ऐनले कर्मचारीतन्त्रमा देखिएको अन्योल हटाइ सेवा प्रवाह प्रभावकारी हुने विश्वास व्यक्त गर्दै उनले जनताको सबैभन्दा नजिकैको स्थानीय र प्रदेश सरकारसँग समन्वय गरी सेवा प्रवाह र प्रवद्र्धनका लागि मन्त्रालयले काम गरिरहेको बताए । मन्त्री गुप्ताले भने,'सार्वजनिक सेवा प्रवाह, सुशासन अभिवृद्धि, सङ्घीयता कार्यान्वयन तथा शासकीय व्यवस्थालाई समायानुकुल तुल्याउन सबैले आफ्नो स्थानबाट रचनात्मक र सिर्जनात्मकयोगदानपु¥याउनुपर्छ ।' मुलुकको स्थायी सरकारको रुपमा रहेको निजामती सेवाले कानुनी अधिकार प्राप्त गरेको दिनको सम्झनामा प्रत्येक वर्ष भदौ २२ गते यो दिवस मनाइँदै आएको छ ।

मुख्य सचिव एकनारायण अर्यालले नेपालको निजामती सेवाले आफ्नो विशिष्ट मौलिक पहिचानसहित देशको एउटा भरपर्दो स्थायी संयन्त्रको रुपमा आफूलाई स्थापित गर्न सफल रहेको बताए । उनले भने,'मुलुकले जे जस्तो उपलब्धि हासिल गरेको छ त्यसमा निजामतीको भूमिका छ । समय सान्दर्भिक आफूलाई परिमार्जित गर्न नसकेको आरोप खेपिरहेको बखत पनि राष्ट्र तथा जनताको निम्ति जस्तोसुकै चुनौती पार लगाउन निजामती सेवा सक्षम रहेको अभ्यासले पुष्टि गरिसकेको छ ।'

मन्त्रालयका सचिव भरतमणि सुवेदीले मुलुकको राजनीतिक व्यवस्था र सङ्घीय संरचना अनुसार कर्मचारीले आफ्ना कामकारबाही ,आनीबानी, आचरण र व्यवहारलाई परिमार्जन र परिस्कृत गर्दै नागरिकमैत्री बनाउन आवश्यक रहेको बताए । उनले भने, 'कर्मचारीतन्त्रबाट नागरिकले पाउने सेवाको स्तरबाट नै सकरारको प्रभावकारिता मापन हुने तथा सरकारप्रति नागरिकको भरोसा अभिवृद्धि हुने भएकाले सेवा प्रवाहको सन्दर्भमा आफूलाई अब्बल प्रमाणी गर्नुपर्ने आवश्यकता छ ।' उनले निजामती सेवाले कर्मचारीतन्त्रका आधारभूत चरित्र, मूल्य मान्यता र नवीनतम प्रवृत्तिको अनुशरण गर्दै सदाचार र सत्य निष्ठालाई आफ्नो व्यावसायिक जीवनको आधार बनाउन सुझाव दिए ।

व्यावसायिक र सिर्जनलशील प्रशासनः विकास समृद्धि र सुशासन भन्ने मूल नारासहित आयोजित दिवस मूल समारोहमा अघिल्लो वर्ष निजामती दिवसका अवसरमा घोषणा गरिएको उत्कृष्ट निजामती पुरस्कार र निजामति पुरस्कार प्रदान गरियो । निजामती प्रशासन सेवाका ८६ हजार कर्मचारीमध्ये ५३ हजार सङ्घीय सरकारका सेवामा छन् । त्यस अवसरमा नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनका अध्यक्ष लेखनाथ कोइरालाले सङ्घीय निजामती ऐन शीघ्र जारी गर्न माग गरे । रासस

# च्याउमा आत्मनिर्भर बनाउन व्यावसायिक उत्पादन सुरु



**चितवन ।**
चितवन जिल्लाको कालिका नगरपालिका–२ पदमपुरमा च्याउ खेतीमा आत्मनिर्भर बनाउने उद्देश्यले व्यावसायिक उत्पादन सुरु गरिएको छ । यहाँ १२ वटा वातावरण अनुकूलित टनेलमार्फत डल्ले च्याउको व्यावसायिक उत्पादन सुरु गरिएको हो ।

कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले व्यावसायिक डल्ले च्याउको उत्पादन शुभारम्भ गर्दै पालिकासँगै मुलुकलाई च्याउमा आत्मनिर्भर बनाउने उद्देश्यले वातावरण अनुकूल टनेल निर्माण गरी उत्पादन सुरु गरिएको बताए । नगरपालिकाले कृषक र कृषि क्षेत्रको प्रबद्र्घन गर्न विभिन्न अनुदान, प्राविधिक, कृषि उपकरणलगायत सहयोग गरिरहेको उनले जानकारी दिए ।

नगरप्रमुख रेग्मीले यहाँको उत्पादन मुलुकका प्रमुख सहरमा पुग्ने भएकाले यसलाई थप व्यावसायिक हुँदै उत्पादनमा केन्द्रित योजनाअनुरूप वातावरण अनुकूल टनेल निर्माण गरिएको बताए । उनका अनुसार रेन्स्की एग्रो फार्मले डल्ले च्याउ उत्पादन थालेको हो । यसअघि यहाँ पाते च्याउ उत्पादन हुँदै आएको थियो ।

फार्मका सञ्चालक कमल शर्मा सुवेदीले एउटा टनेल १० टन कम्पोस्टको क्षमताको भएको बताउँदै यसबाट १८ देखि २० प्रतिशत च्याउ उत्पादन हुने जानकारी दिए । 'निर्मित १२ वटा टनेलमा ६५ दिनमा करिब २४ हजार किलो च्याउ उत्पादन हुने अनुमा गरेका छौँ । एक वर्षमा छ पटकसम्म उत्पादन गर्न सकिने भएकाले गर्मी मौसमका लागि यो प्रभावकारी मानिएको छ', उनले भने ।

प्रतिकिलो चार सय रुपैयाँमा डल्ले च्याउ बिक्री हुन्छ । यहाँ उत्पादित ७० प्रतिशत च्याउ चितवनको बजारका साथै काठमाडौँ र मकवानपुरमा बिक्री हुने गर्दछ ।

गर्मी मौसम भएकाले वातावरण अनुकूलित टनेलमा च्याउ उत्पादन गरिएको हो । सुवेदीका अनुसार तापक्रम मिलाउन 'एयर हेण्डलिङ युनिट' जडान गरिएको छ । 'एउटा टनेल निर्माण गर्न १९ लाख रुपैयाँको हाराहारी खर्च भएको छ भने प्रतिकिलो ३२ रुपैयाँको कम्पोष्ट मल प्रयोग गरिँदै आइएको छ', उनले भने ।

फार्मले विसं २०७९ पुसदेखि च्याउ उत्पादन थालेको हो । सुरुमा पाते च्याउ उत्पादन गरिकामा अहिले डल्ले च्याउको उत्पादन थालिएको सञ्चालक सुवेदीले बताए । यसअघि एक सय पाँच टनेलमार्फत पातेच्याउ उत्पादन हुँदै आएको थियो । यो च्याउ चितवन, काठमाडौँ हुँदै मुस्ताङसम्म पुग्दछ ।

मुलुकमा पहिले डल्ले च्याउ बाहिरबाट आउने गरेकामा अहिले यहाँको उत्पादनले धानेको सुवेदीले जानकारी दिए । नेपालमा यो बाहेक १० वटा फार्मबाट डल्ले च्याउ उत्पादन हुँदै आएको छ । रासस

# लामाचौर कप राष्ट्रिय भलिबलको उपाधि पुलिस क्लबलाई




**कास्की ।**
पोखरामा सम्पन्न लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगिताको पुरुषतर्फको उपाधि विभागीय टोली नेपाल पुलिस क्लबले जितेको छ ।

लामाचौरस्थित इन्द्रराज्यलक्ष्मी माविको खेल मैदानमा शनिबार सम्पन्न रोमाञ्चक फाइनल खेलमा अर्को विभागिय टोली एपिएफलाई ३–२ को सेटमा हराउँदै पुलिसले उपाधि चुमेको हो । पुलिस क्लब गत वर्षको उपविजेता हो । नवआदर्श सामुदायिक विकास समाजले आफ्नो वार्षिकोत्सव तथा हरितालिका तीजको अवसरमा प्रतियोगिता आयोजना गरेको थियो । यसअघि शुक्रबार हुने फाइनल खेल खराब प्रकाश (लाइट प्रोटेस्ट)का कारण १–१ सेटको बराबरीमा रोकिएपछि आज खेलाइएको थियो । पुलिसले पहिलो सेट २५–१६को सहज जित निकाले पनि दोस्रो सेटमा २१–२५ को हार व्यहोरेको थियो । तेस्रो सेटमा पुनःखेलमा फर्कँदै पुलिसले २५–१९ को जित हासिल गर्यो तर चौथो सेटमा एपिएफ खेलमा फर्कँदै २५–२२ को जित निकालेपछि खेल २–२ सेटको बराबरीमा पुगेको थियो । अन्तिम सेटसमेत निकै रोमाञ्चक बन्यो । दुवै टिमले निकै सङ्घर्ष गरे पनि अन्ततःनतिजा भने पुलिसको पक्षमा रह्यो । पुलिसले अन्तिम सेटमा १६–१४ को जित निकाल्दै उपाधि चुमेको हो । उपाधिसँगै पुलिसले नगद एक लाख ५० हजार रुपैयाँ हात पारेको छ । उपविजेता एफिएफले एक लाख एक सय ११ रुपैयाँ प्राप्त गर्‍यो ।

प्रतियोगितामा नेपाल पुलिस क्लबका सञ्जुविक्रम शाह सर्वोत्कृष्ट खेलाडी घोषित भए । सोही क्लबका बलराम गुरुङ उत्कृष्ट सेटर, भिम गाहा उत्कृष्ट डिफेन्डर र सफल विक उत्कृष्ट ब्लकर घोषित भए । यस्तै, एपिएफका हेमन्त मल्ल उत्कृष्ट सर्भर, विजय थापा उत्कृष्ट स्पाइकर र पुलिस क्लबका चन्द्र कुवँर उत्कृष्ट प्रशिक्षक घोषित भए । उनीहरु सबैलाई समान पाँच–पाँच हजार रुपैयाँ, ट्रफी र मेडल पुरस्कार प्रदान गरियो ।

प्रतियोगिताको महिलातर्फको उपाधि भने एपिएफले उचालेको थियो । शुक्रबार सम्पन्न फाइनल खेलमा न्यु डायमण्डलाई ३–१ को सेटमा हराउँदै उपाधि चुमेको हो । पहिलो सेट २५–२३ ले हराएको एपिएफले दोस्रो सेटमा पनि २५–२३ कै जित हासिल गर्‍यो तर तेस्रो सेटमा १३–२५ को हार बेहोरेको एपिएफले चौथो सेटमा २५–१० ले हराउँदै उपाधि चुमेको हो । प्रतियोगिताको महिला–पुरुष दुवैतर्फ चार–चार टिमको सहभागिता रहेको थियो । प्रतियोगिता यही भदौ १९ गतेदेखि सञ्चालन भएको थियो । रासस

# वेस्ट बैङ्कमा भएको हत्याको स्वतन्त्र छानबिन माग



**जेरूसेलम ।**
वेस्ट बैङ्कमा इजरायली बस्तीको विरोधमा प्रदर्शन गर्ने क्रममा टर्की र अमेरिकाको दोहोरो नागरिकता भएकी महिलाको गोली हानी गरिएको हत्याको परिवारले स्वतन्त्र छानबिनको माग गरेको छ ।

परिवारले इजरायली सेनाले एक महिलालाई टाउकोमा गोली हानी हत्या गरेको आरोप लगाउँदै घटनाको स्वतन्त्र छानबिनको माग गरेको छ ।

वेस्ट बैङ्कको बेइटामा शुक्रबार भएको प्रदर्शनमा भाग लिने क्रममा २६ वर्षीय आइसेनुर एज्गी आइगीको टाउकोमा गोली लागेको थियो । 'हाम्रो जीवनमा उनको उपस्थितिलाई इजरायली सेनाले अनावश्यक, गैरकानुनी र हिंसात्मक रूपमा लिएको थियो,' आइगीको परिवारले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

शान्तिपूर्वक न्यायका लागि आवाज उठाएकी आइसेनुरको गोली लागेर मृत्यु भएको थियो । विज्ञप्तिमा भनिएको छ,'हामी राष्ट्रपति जो बाइडेन, उपराष्ट्रपति कमला ह्यारिस र विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई एक अमेरिकी नागरिकको गैरकानुनी हत्याको स्वतन्त्र अनुसन्धानको आदेश दिन र दोषी पक्षहरूको पूर्ण जवाफदेहीता सुनिश्चित गर्न आह्वान गर्दछौं ।'

इजरायली सेनाले प्रदर्शनका क्रममा सेनामाथि ढुङ्गा प्रहार गर्ने र उनीहरूका लागि खतरा उत्पन्न गर्ने हिंसात्मक गतिविधिका मुख्य उक्साहटकर्तालाई आफ्नो सेनाले गोली चलाएको बताएको छ ।

इन्टरनेसनल सोलिडारिटी मुभमेन्ट (आईएसएम) का अनुसार आइगी आईएसएमकी सदस्य हुन् र उनी इजरायली बस्ती विस्तारको विरोधमा बेइटा भएको साप्ताहिक प्रदर्शनमा ऐक्यवद्धता प्रकट गर्न शुक्रबार बेइटामा पुगेकी थिइन् ।

हालैका वर्षहरूमा, प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरूले बेइटाको छेउछाउमासाप्ताहिक विरोध प्रदर्शनहरू गर्दै आएका छन् । संयुक्त राष्ट्रसङ्घको मानवअधिकार कार्यालय र राफिडिया अस्पतालका अनुसार शुक्रबारको प्रदर्शनका क्रममा आइगीको टाउकोमा गोली लागेको थियो । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले इजरायली कारबाहीलाई 'बर्बर' भन्दै निन्दा गरेका छन् ।

वासिङ्टनले यसलाई 'दुःखद' घटना भनेको छ र आफ्नो निकट सहयोगी इजरायललाई अनुसन्धान गर्न दबाब दिएको छ ।

तर उको परिवारले भने स्वतन्त्र छानबिनको लागि माग गरेको छ । 'आइगीको हत्याको परिस्थितिलाई ध्यानमा राख्दै इजरायली अनुसन्धान पर्याप्त छैन' मृतक महिलाको परिवारले भनेको छ । उनको परिवारले आइगीले सधैं प्यालेस्टिनीका जनताविरुद्ध हुने हिंसा अन्त्यको वकालत गरेको बताएको छ ।

करिब चार लाख ९० हजार मानिस बसोबास गर्ने वेस्ट बैङ्कमा इजरायली बस्ती अन्तर्राष्ट्रिय कानुनअनुसार गैरकानुनी छन् । अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजामा युद्ध सुरु भएयता इजरायली सेना वा बासीन्दाहरूले वेस्ट बैङ्कमा ६९० भन्दा बढी प्यालेस्टिनीको हत्या गरिसकेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली अधिकारीहरूका अनुसार सोही अवधिमा प्यालेस्टाइनी आक्रमणमा सुरक्षाकर्मीसहित कम्तीमा २३ जना इजरायली मारिएका छन् । रासस

# अर्थ समितिको बैठक आइतबार बस्ने



**काठमाडौं ।**
सङ्घीय संसद, प्रतिनिधिसभा, अर्थ समितिको बैठक आइतबार बस्ने भएको छ ।

आइतबार सिंहदरबारस्थित अर्थ समितिको बैठक कक्षमा बस्ने सो बैठकमा बैङ्किङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० उपर दफावार छलफल हुने सङ्घीय संसद् सचिवालयले जनाएको छ ।

त्यसैगरी, प्रतिनिधिसभाको बैठक सोमबार दिउँसो १ बजे तथा राष्ट्रियसभाको बैठक मङ्गलबार बस्ने भएको छ । रासस

# 'वैकल्पिक अर्थतन्त्र' बजारमा

**काठमाडौँ ।**
अर्थशास्त्री हरि रोकाद्वारा लिखित 'वैकल्पिक अर्थतन्त्र' आजदेखि बजारमा आएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा विमोचन भएसँगै पुस्तक बजारमा आएको हो । पुस्तक विमोचनपछि त्यसको समीक्षा पनि भएको थियो ।

लेखक रोकाले राजनीतिक वृत्त, नीति निर्माता, बौद्धिक जगत् र समग्र समाजबीच नेपालको अर्थ–राजनीतिबारे वैकल्पिक बहस आवश्यक भएकाले पुस्तक तयार पारेको बताए । देशमा बहुदलीय व्यवस्था प्रारम्भभएपछि सबै क्षेत्रमा सुधार हुन्छ भन्ने ठानिएकामा यथार्थमा त्यसो हुन नसकेको र राजनीतिक स्वतन्त्रता आए पनि आर्थिक तथा सामाजिक स्वतन्त्रता मुलुकले प्राप्त गर्न नसकेको उनले बताए । पूर्वकृषिमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का महासचिव घनश्याम भुसालले राजनीतिक तहमा अहिलेको अर्थतन्त्रका व्यावहारिक समस्या के हुन् र त्यसको समाधान कसरी खोज्न सकिन्छ भनेर निकै कम चिन्तन हुने गरेको बताए । उद्यम नगर्ने तर मुनाफा खोजीरहने प्रवृत्तिको अन्त्य नभएसम्म समाजवाद हासिल नहुने उनको भनाई छ ।

अर्थविद् प्राध्यापक अच्युत वाग्लेले अर्थतन्त्रका विषयमा राजनीतिक दलहरुमा निकै कम विमर्श हुने गरेको बताउँदै अर्थतन्त्रबारे सुझबुझ भएका व्यक्तिलाई मुलुकको अर्थतन्त्र सञ्चालनको जिम्मेवारी दिइनुपर्ने बताए । विषयगत ज्ञान नभएका व्यक्तिलाई अर्थतन्त्र जिम्मा लगाउँदा त्यसले नतिजा दिन नसकेको उनले बताए । देशमा पुँजीवाद, उदारवाद, समाजवाद अथवा साम्यवाद जे भनेपनि सबै राजनीतिक दलहरु स्वार्थकेन्द्रित र भष्ट्राचारमा केन्द्रित भएको आरोपसमेत उनले लगाए ।

रोकाको पुस्तकमा नवउदारवादलाई आलोचनात्मक ढङ्गले हेरिएको प्राध्यापक वाग्लले बताए ।राष्ट्रिय योजना आयोगका सदस्य गीता पौड्याल अधिकारीले नेपालको आर्थिक नीति निर्माण प्रक्रियाप्रति प्रश्न उठाइन् । केन्द्रमा बसेर नीति तथा कार्ययोजना बनाउने तर त्यसलाई तल्लो तहले कार्यान्वयन गर्नुपर्ने विद्यमान अवस्थाले लक्षित नतिजा हासिल गर्न चुनौतीपूर्ण हुने उनले बताइन् ।

बेला पब्लिकेशनले बजारमा ल्याएको 'वैकल्पिक अर्थतन्त्र' पुस्तकमा वैकल्पिक आर्थिक नीति, राज्य र अर्थतन्त्र, कृषिको रुपान्तरण र खाद्य सुरक्षा, भूमिसुधार, औद्योगिक नीति, मौद्रिक नीति, कर प्रणाली पुनर्संरचनालगायत विभिन्न १२ वटा शीर्षकमा अर्थ राजनीतिक निबन्ध छन् । रासस

# रकेट आक्रमणपछि भारतमा विद्यालय बन्द

**मुम्बई ।**
भारतको मणिपुर राज्यमा विद्रोहीले रकेट प्रहार गर्दा एक जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य छ जना घाइते भएपछि शनिबारदेखि विद्यालयहरू बन्द गर्ने आदेश दिइएको छ । जातीय विभाजनका कारण एक वर्ष अघि मणिपुरमा हिन्दू मेइतेई बहुमत र इसाई कुकी समुदायबीच लडाइँ सुरु भएको थियो ।

स्थानीय सरकारको सूचनामा 'विद्यार्थी र शिक्षकहरूको सुरक्षाका लागि राज्यका सबै विद्यालयहरू शनिबार बन्द गर्ने जनाइएको छ ।

शुक्रबार एक विद्रोही समूहले मणिपुरको बिष्णुपुर जिल्लामा रकेट प्रहार गरेको थियो भने स्थानीय प्रहरीले कुकी समूहले आक्रमण गरेको जनाएको छ । ब्यारेजमा एक व्यक्तिको मृत्यु भएको र छ जना घाइते भएको प्रहरीले जनाएको छ ।

आक्रमणको जवाफमा अधिकारीलाई सन्दिग्ध कुकी आतङ्ककारीहरूले गोली हानेपनि जवाफी आक्रमण गरेको विज्ञप्तिमा जनाइएको छ ।

मणिपुरका पूर्व मुख्यमन्त्री स्वर्गीय मैरेनबाम कोइरेङ सिंहको निवासमा रकेट प्रहार हुँदा एक व्यक्तिको मृत्यु भएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् ।

शुक्रबारको आक्रमण विद्रोहीहरूले विस्फोटक पदार्थ खसाल्न ड्रोन प्रयोग गरे पछि प्रहरीले राज्यमा हिंसाको वृद्धि भएको जनाएको छ । मेइतेई र कुकी समुदायहरूबीच जमिन र सार्वजनिक रोजगारीका लागि भएको विवादबीच राजनीतिक लाभका लागि स्थानीय नेताले जातीय विभाजन बढाएको आरोप मानव अधिकारवादी समूहले लगाएका छन् । रासस

# विश्व व्यवस्थामाथि खतरा बढेको चेतावनी

**लण्डन ।**
अमेरिकी गुप्तचर निकाय (सिआइए) का निर्देशक बिल बन्र्स र बेलायतको एमआई–सिक्सका प्रमुख रिचार्ड मुरले विश्व व्यवस्था शीतयुद्धपछि विश्वले नदेखेको खतरामा रहेको चेतावनी दिएका छन् ।

फाइनान्सियल टाइम्सको विचार पृष्ठमा लेखेको लेखमा दुई गुप्तचर प्रमुखले एक अर्काभन्दा बढी विश्वसनीय वा सम्मानित सहयोगी कोही छैन । उनीहरूले मुख्यतया रूस, चीन र मध्यपूर्वबाट अभूतपूर्व खतराहरूको सामना गरिरहेको बताउँदै आफूहरूको साझेदारी महत्वपूर्ण हुने बताएका छन् । संयुक्त राज्य अमेरिका र बेलायत फेब्रुअरी २०२२ मा शुरू गरिएको रूसी आक्रमणको प्रतिरोधमा युक्रेनको प्रमुख वित्तीय र सैन्य समर्थकमध्ये दुई प्रमुख राष्ट्र हुन् ।

'सहकार्य रहनु पहिलेभन्दा बढी महत्त्वपूर्ण छ', लेखमा भनिएको छ,'रूसी गुप्तचर निकायले युरोपभरि चलाएको विध्वंसको लापरबाहीपूर्ण अभियानलाई बिथोल्न हामी मिलेर काम गरिरहेका छौँ ।'

लेखमा 'उनीहरू (अमेरिका र बेलायत)ले उन्नत एआई र क्लाउड प्रविधिको प्रयोग अहिले कसरी गरिरहेका छन् भन्ने कुरा पनि उल्लेख गरेका छन् । पश्चिमा मुलुक र खासगरी अमेरिका र बेलायतले ती प्रविधिले सङ्कलन गरेका तथ्याङ्कको विशाल भण्डारहरू प्रयोग गरिरहेका लेखमा महत्वका साथ उल्लेख गरिएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री केइर स्टार्मरलाई सेप्टेम्बर १३ मा वासिङ्टनमा स्वागत गर्ने कार्यक्रम तय भएको वा स्टार्मरको भ्रमणको घोषणा भएको समयमा उक्त चेतावनी आएको हो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री स्टार्मरलाई स्वागत गर्ने कार्यक्रम केही दिनअघि तय भएको थियो । ह्वाइट हाउसले शुक्रबार भनेको छ,'उनीहरू (बाइडेन र स्टर्ममर)ले अन्य कुराका साथै 'युक्रेनलाई निरन्तर मजबुत बनाइराख्ने' र गाजामा युद्धविराम हासिल गर्ने नयाँ उपायबारे छलफल गर्नेछन् ।

इजरायलप्रति दुई राष्ट्रको अडान फरक–फरक रहेको समयमा यो बैठक हुन लागेको हो । युद्धग्रस्त गाजामा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरी आफूले उपलब्ध गराएका हतियार प्रयोग हुनसक्ने भन्दै बेलायतले इजरायललाई ३० वटा हातहतियार निर्यात अनुमतिपत्र स्थगन गर्ने घोषणा गरेको छ । रासस


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# भरोसा गर्नुहोस्, वैभव वीरगंजको सपना साकार पार्छु



*मधेश प्रदेशको एक मात्र महानगरपालिका हो वीरगंज, महानगरपालिकाको मेयरको जिम्मेवारीमा छन् राजेशमान सिंह। २७ महिनाअघि आफ्नो प्रतिस्पर्धी विजयकुमार सरावगीलाई दोब्बर मतान्तरले हराएर निर्वाचित भएका सिंहले यो अवधिमा शिक्षा र स्वास्थ्यको सेवामा महानगरपालिकामा आफूले 'कमालै' गरेको बताउँछन्। ३ दशक अगाडिदेखि राजनीतिमा होमिएका सिंह स्पष्ट वक्ता, बोलीमा अडिग व्यक्तिका रुपमा चिनिन्छन्। तत्कालीन शासनकालमा २०६० सालमा भएको निर्वाचनमा उनी साविक वीरगंज उपमहानगरपालिका वडा नम्बर ३ को वडाध्यक्ष चलाइसकेका अनुभवी व्यक्ति हुन्। नेवार परिवारमा जन्मे पनि मधेशको समाजभित्र हुर्केकोले मधेश पहिचानसँग अपनत्व रहेका सिंह शरदसिंह भण्डारीलाई राजनीतिक गुरु मान्छन्। अघिल्लो स्थानीय तहको निर्वाचनमा उनी राजपाबाट वीरगंज महानगरपालिकाको मेयर पदका प्रत्यासी भएर तेस्रो लोकप्रिय मत हासिल गरेका थिए। उनी एमाले पार्टीमा प्रवेश गर्ने हल्ला छ। यद्यपि आफू जसपामै रहने दाबी गर्दछन्।*

**० मेयरको कुर्सीमा पुग्नुभएको २७ महिना बित्यो। निर्वाचनको मैदानमा होमिँदा जनतामाझ गरिएको वाचा तथा प्रतिवद्धता कति पूरा भए ?**

यो २७ महिनाको अवधिमा वीरगंजबासीलाई शिक्षित स्वास्थ्य बनाउने खातिर लागिरहेको छु। जुन बाचा गरिएको थियो उक्त वाचामा कटिवद्ध भएर काम गरिरहेका छु। सम्पूर्ण वीरगंजबासी जनताको साथ र समर्थन खाँचो छ। शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेख्य काम नगरेसम्म वीरगंजबासीको वैभव कायम राख्न सकिन्छ। वीरगंज महानगरपालिका वैभव वीरगंज बनाउने योजना साकार पार्नेछु। भरोसा राख्न वीरगंजबासीलाई फेरि पनि आग्रह गर्दछु।

**० तपाईं मेयरमा निर्वाचित भएर आएसँगै महानगरपालिकाको शिक्षा क्षेत्र ध्वस्त पार्नुभयो भन्ने आरोप छ। शिक्षाक्षेत्रको अवस्था एकदमै लाजमर्दो स्थिति छ भन्ने आरोप छ। के भन्नुहुन्छ ?**

आरोप लगाएरमात्र हुँदैन। काम कराउँदै गर्दछ पीना सुक्दै गर्दछ भनेझैं हो ती आरोपहरु। वीरगंज महानगरभन्दा बाहिरका मान्छेले आरोप लगाएर हुँदैन। वीरगंजवासीहरुले म मेयरमा निर्वाचित भएर आएसँगै शिक्षा क्षेत्रमा भए–गरेका शिक्षा क्षेत्रको सुधारको कामको मूल्यांकन गरिरहेको छन्। महानगरबासीको निर्देशनभन्दा एक इन्च पनि दायाँ बायाँ भएर कुनै काम गरेको छैन।

म मेयरमा निर्वाचित भएको २७ महिना ९ दिन भयो। पालिकाभित्र ९० समुदायिक विद्यालय, ३० माध्यमिक विद्यालय छन्, सामुदायिक विद्यालयका शिक्षकहरुले ३५ हजारदेखि ५० हजार मासिक तलब खान्छन, तर त्यहाँका विद्यार्थीहरु अनुत्तीर्ण भइरहेका छन्। अनि निजी विद्यालयका १० देखि १५ हजार मासिक तलब खान्छन् तर त्यहाँका विद्यार्थीहरु राम्रो ग्रेड ल्याएर उत्तीर्ण भइरहेका छन्। समस्या कहाँ र के मा रहेछ ? यो विषय उठान गर्दा वा सुधार गर्न खोज्दा भ्रष्टाचार हुन्छ ? बिग्रिएको शिक्षा प्रणालीलाई थिति बसाल्न खोज्दा खोज्दा भ्रष्टाचार हुन्छ ? म कानूनी राज्य मान्ने मान्छे हुँ। कुनै बदमासी, कानून मिचेर कहिल्यै काम गरिन र गर्दिनँ।

यही थितिमा बसाल्न खोजेको हुँ, काम ठगेर र चोरी खान पल्किएकालाई मैले लिएको निर्णय मन परेन र उनीहरु विरोधमा उत्रिए। मेरो एउटै लक्ष्य र योजना जबसम्म यहाँका बच्चा शिक्षित बनाउने र वीरगंजबासीलाई स्वस्थ्य राख्ने हो। यी दुई विषयमा कुनै कम्प्रोमाइज हुँदैन, मबाट। यो अवधिमा मैले गरेका कामको मूल्याकन वीरगंजबासीहरुले गरिरहेको छन्। सुधार गर्न खोज्दा तीललाई पहाड बनाउनेहरुलाई भन्नु केही छैन, मेरो।




**० जताजता हात हाल्नुभएको छ। विवादै विवाद, फण्डै फण्डा निस्किएको छ, कसरी विश्वास गर्ने तपाईंको कामलाई ?**

घोडा चढ्ने नै लड्ने हो। काम गर्न खोज्ने मान्छेकै आलोचना हुन्छ,विवादमा पर्दछ,ल्याइन्छ। म काम गर्दछु भने चर्चा वा विवाद विपक्षीको हुन्छ र ? एउटा सरकारी विद्यालयका शिक्षकले दश देखि चार बजेसम्म राम्रोसँग विद्यार्थीलाई पढाउनु भन्नु गलत हो र ? महानगरपालिकाभित्रको विद्यालय, शिक्षाका क्षेत्रमा गएर हेरौं न। यदि मैले कहीँ कतै गल्ती गरेको भए सजाय भोग्न तयार छु। वीरगंजको माटो उर्वर बनाउने जिम्मेवारी मेयरको मात्र होइन। सबैको दायित्व होला। यद्यपि म आएपछि शिक्षाको क्षेत्रमा धेरै सुधार भएको छ। जनतासँग गरेको वाचाअनुसार काम गरिरहेको छु।

**० बजारमा १५ सय पर्ने पंखा ३६ सयमा किनियो। तपाईंको सुशासन यही हो ?**

पंखाको पनि क्वालिटी हुन्छ, स्टाण्डर्ड हुन्छ। १३ प्रतिशत भ्याट, आयकर जोडिन्छ। सार्वजनिक खरिद ऐन अनुसार,बजार मूल्य अनुसार,कम्तिमा १५ प्रतिशत नाफा राखेर सल्यायर्सलाई दिनुपर्ने हुन्छ। बजारमा खोजौँ न, १५ सयमा स्ट्याण्ड फ्यान आउँछ ? घोटाला भयो भन्नेलाई चुनौती दिन चाहन्छु। पहिला उक्त पंखाको बजार मूल्य सोधुन्। यदि कसैले बहस गर्दा वास्तविक धरातलमा टेकेर बहस गर्नुपर्दछ, न कि हावा तालमा। पंखा आयकर, सप्लायर्सको नाफा जोडेर ल्याइएको हो। केही घोटाला भएको छ भनेर कसैले प्रमाणित गर्दछ भने म चुनौती दिन चाहन्छु र जुनसुकै सजायको भागिदार हुन तयार छु। यदि बदमासी वा घोटाला भएकै हो भने हेर्ने सम्बन्धित निकाय होलान्, हेर्लान् नि तिनले। मैले चुनाव जितेदेखि नै भनिरहेको छु त, हाम्रो कार्यालयमा केही गलत खरिद वा अनियमित कार्य भएको रहेछ भने फाइल उठाएर लैजाओस्। अख्तियारको आयुक्तलाई नै भेटेर भनेको छु, आग्रह गरेको छु तर खै किन हो आँउदैन ?

**० तपाईंको कार्यकालमा गफ धेरै भयो, काम कम भयो भन्छन त वीरगंजबासी ?**

वीरगंजको विकास देख्न नचाहने रोगी मानसिकताबाट ग्रस्तहरुको भनाई हो यो। राजेशमान अगाडि बढेको, वीरगंजको विकास निर्माण भएको हेर्न नचाहने, समुन्नत वीरगंज देख्न नचाहने रोगी मानसिक रोगीहरुको भनाई हो। म आउनु अगाडि घण्टाघरको हालत के थियो ? आज कुन स्थिति छ ? यस्का अलावा शिक्षा, स्वास्थ्य, विकास निर्माणमा भएका प्रगति हेरुन् र तथ्यमा बहस गर्न आउन यस्ता आरोप लगाउनेहरु मसँग।

**० तपाईं कमिसनमा लिप्त हुनुभयो भन्छन् त ?**

मैले अघि नै भनें, यदि कहीँ कतै त्यस्तो बदमासी भएको छ भने हेर्ने सरकारी निकायहरु होलान्, हेरुन्। तिनले मेरो कार्यालयमा भएका सबै फाइल उठाएर लगेर अध्ययन गरुन्। हामीले कहाँ कहाँ कति भ्रष्टाचार गर्‍यौं, कति कमिसन खाइयो। लोकतन्त्रमा बोल्न छुट छ तर बोल्ने छुट छ भन्दैमा जे पनि बोल्ने छुट चाहिँ कसैलाई छैन। बोल्ने छुट छ भन्दैमा जे पायो त्यही बोल्नु भएन। म गफ कम र काम बढी गरेरै त्यस्ता निराधार आरोप लगाउनेहरुलाई कामबाटै जवाफ दिनेछु।

**० निर्वाचनमा होमिँदा खानेपानीको समस्या सामाधान गर्दछु भन्नुभएको थियो। चुनावी वाचा कतिको हेक्का छ ?**

पानीको समस्या अहिले वीरगंज महानगरपालिकाभित्रै कतै छैन। म आउनुअघि जहाँ जहाँ समस्या थियो। मेयर निर्वाचित भएर आएसँगै ती खानेपानी, ट्यांकीका समस्याहरु सबै सामाधान भइसकेको छ। २७ महिनाको अवधिमा खानेपानीको समस्या जहाँ जहाँ देखियो, त्यहाँ समस्या थियो त्यहाँ तत्काल समस्या सामाधान भएको छ।

**० तपाईं आफ्नो स्वास्थ्यमा समस्या आउँदा उपचारका लागि विदेश दौड्नुहुन्छ ? महानगरबासीको स्वास्थ्य समस्या सामाधानका लागि के के गर्नुभयो ?**

मेरो पनि त व्यक्तिगत जीवन छ। म उपचारका लागि विदेश गएको होइन। यही एकसे एक डाक्टर छन्। स्वास्थ्यमा समस्या आउँदा यतै उपचार गराउँदै आएको छु। म आउनुअघि र आएपछि स्वास्थ्य क्षेत्रमा भएको सुधारका काम तपाईंहरु मिडियाकर्मीहरुले नै हेर्नुहोस् र मूल्यांकन गर्नुहोस्। मिडियाकर्मी साथीहरु पनि कागले कान लग्यो भने कागको पछि दौडने होइन। बन्द भएका ल्याबहरु चल्न थालेका छन्, कतिपय स्थानमा प्रयोगशाला निर्माण भएको छ। गाउँगाउँमा बर्थिङ सेन्टर खुलेको, भिडियो, एक्सरे सेवा पुगेको छ। पहिलाको भन्दा धेरै स्वास्थ्यको क्षेत्रमा व्यापक सुधार र प्रगति भएको छ।

**० तपाईं जताततै चमत्कारको कुरा गर्नुहुन्छ तर पालिकाको वडा नम्बर ३१ मा यातायात, बिजुलीका समस्या जस्ताको त्यस्तै रहेको गुनासो सोही ठाउँका स्थानीयहरु गर्दछन्। वास्तविकता के हो ?**

हो, ३१ नम्बर वडामा केही समस्या छन्। त्यहाँको भौतिक पूर्वाधारको क्षेत्रमा लगानी गरेका छौं। लगानी गरेअनुसार प्रतिफल आएको छैन होला। सडकको हकमा केही समस्या होलान तर बिजुली बत्तीको सम्बन्धमा समस्या छैन। म निर्वाचित भएर आएपछि अध्यारो वीरगंज उज्यालो वीरगंजमा परिणत भएको छ। वीरगंजको ग्रामीण क्षेत्रमा समेत बिजुलीको बिषयमा कुनै समस्या छैन। हरेक पोलमा बिजुली बल्छन् अहिले। उज्यालो वीरगंजको बिषयमा कुनै कम्प्रोमाइज गरिएको छैन। जे बोलेको छु, त्यो पूरा गरेको छु।

**० तपाईं मेयर बन्नुभएपछिको यो २७ महिनाको अधिमा भएको ठोस काम के के हुन ?**

त्यो त तपाईंहरु आफैंले मूल्यांकन गर्ने कुरा हो। यद्यपि भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य क्षेत्र, विकास निर्माणको क्षेत्रमा धेरै सुधारको काम भएको छ। मलाई कतै शिलालेख खोप्ने, नाम कुद्ने रहर छैन। यी क्षेत्रमा भएको सुधार तपाईंहरु आफैं हेर्नुहोस्, मूल्यांकन गर्नुहोस्।

# दोषीलाई कारबाही र पीडितलाई क्षतपूर्ति दिने सहमति



**सञ्जय मिश्रा**
**रौतहट ।**
जिल्लाको मध्यभाग गरुडा नगरपालिका–५ शिवनगर स्थित सुत्केरी महिलाको मृत्यु बारे दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिने सहमति पछि मृतकको शव पोष्टमार्टमका लागि पठाईएको छ ।

ईलाका प्रहरी कार्यालय गरुडामा शुक्रबार राती बसेको दुई पक्षीय बैठकमा पीडित परिवारलाई राहत स्वरूप तत्काल दुईलाख रुपैयाँ सहयोग गर्ने, घटनाको छानबिन गर्न सर्वदलीय कमिटी गठन गर्ने, अस्पतालमा तोडफोड गर्नेलाई कारबाही गर्ने निर्णय भएपछि सहमति भएको थियो । सहमति लगत्तै गएराती ११ बजे शिवनगर स्थित बाटो खुलाएर मृतक सुत्केरी महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाईएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताएका छन् । दुईपक्षीय बैठकमा गरुडाका मेयर कन्थमणि जैसवाल, मेयर प्रत्याशीहरु सुनिल कुमार यादव, ब्रिज किशोर यादव, अनिल कुमार यादव, जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरे, सशस्त्र प्रहरी प्रमुख एसपी बिक्रम हुमागाईं, सहायक सिडिओ नरेश कुमार यादव, वडा अध्यक्ष रामबाबु चौधरी लगायत पीडित परिवारका प्रतिनिधिको सहभागिता रहेको थियो ।

बैठकमा मेयर जैसवालले नगरपालिकाबाट तत्काल दुईलाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । गरुडा–५ शिवनगर बस्ने अरबिन्द साहको श्रीमती बर्ष २५ की रमिता देवीलाई सुत्केरी ब्यथा लागि सुत्केरी गराउन उक्त स्वास्थ्य चौकीमा बिहीबार साँझ ल्याएकोमा नर्मल सुत्केरी भएको थियो । सुत्केरी पछि बढी रक्तश्राव भएको कारण सुत्केरी महिलालाई थप उपचारको लागि शुक्रबार बिहान ६ बजे वीरगंजस्थित ईन्डो नेपाल अस्पतालमा बिरामीको उपचारको क्रममा बिहान ९ बजे मृत्यु भएको थियो । चिकित्सकको लापरवाहीले अत्याधिक रक्तस्राव भएर महिलाको मृत्यु भएको भन्दै पीडित परिवार र उनका आफन्तहरुले शुक्रबार दिन भरी स्वास्थ्य चौकी शिवनगर अगाडि मृतक महिलाको शव राखेर दोषी चिकित्सकलाई कारबाहीको माग गर्दै प्रदर्शन गरेका थिए ।

# सरकारविरुद्ध खनिए आजपा अध्यक्ष साह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले बहुदलिय व्यवस्था भनिएपनि अन्त्यमा यो दुई दलिय शासन नै भएको बताएका छन् । शनिबार काठमाडौँमा आजपाको काठमाडौँ उपत्यका विशेष कमिटीको बैठकलाई सम्बोधन गर्दै साहले शासन व्यवस्थामा केहि सिमित दलाल र भ्रष्टहरुको हालिमुहाली रहेको टिप्पणी गरेका छन् । ‘अहिले केही दल, त्यसमा पनि केही नेता, नेतामा पनि गुटका मठाधिशहरुले देशमा लुट मचाएका छन् । देशमा लुटेर विदेशमा पैसा लुकाउनेहरुको शासन व्यवस्थामा हालीमुहाली छ ।’ अध्यक्ष साहले भने, ‘देशमा दुई दलिय व्यवस्था होस् वा दश दलिय व्यवस्था, तर शासन व्यवस्थामा जनताको शासन हुनुपर्छ ।’ नेपाली नागरिकता परित्याग गरि विदेशमा गएका गैरनेपाली नागरिकले नेपालबाट सम्पत्ति बेचेर लाने काम रोक्नुपर्ने उनले बताए । गैरनेपाली नागरिकको नेपालमा रहेका सम्पत्ति कब्जा गरि राज्यलाई बुझाउनुपर्ने उनले बताए । यस्तै, आजपा अध्यक्ष साहले भ्रष्ट, दलाल एवम् लुटेरा सरकारलाई कर तिर्नु नपर्ने बताए । कर तिरेर भ्रष्टाचारीलाई पाल्न नसकिने बताउदै उनले भ्रष्ट, दलाल एवम् लुटेरा सरकारलाई कर नतिर्न आह्वान गरे ।

लुटकारी दलाल दलतन्त्रको विरुद्धमा र शासनसत्तामा आम जनताको सहभागिताका लागि तेस्रो जनआन्दोलनको उदघोषण गरेका आजपा अध्यक्ष साहले आजपाको हालै सम्पन्न केन्द्रीय कमिटीको




बैठकले गरेका निर्णयहरु योजना बनाएर कार्यान्वयन गर्न निर्देशन दिए । मुलुकमा भ्रष्टाचार, अनियमितता, कुशासन, बेथिति बढदै गईरहेको र सरकारको नेतृत्व सहित सरकारमा भ्रष्टहरुको बाहुल्यता रहेको र त्यसलाई रोक्दै आन्दोलनमा जानुको विकल्प नभएको उनको भनाई छ ।

आजपाले ३ असोजमा सातै प्रदेशमा संविधानको अन्त्येष्टि यात्रा निकाल्ने, धोखेबाज दलहरुसंग भोट फिर्ता माग्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने, भ्रष्ट शासकहरुलाई कर बहिष्कार गर्ने, भगौडा दलालहरुको सम्पति कब्जा गरेर राज्यलाई बुझाउने, भ्रष्टाचारीलाई जनकरवाही गर्ने तथा काठमाडौँमा जारी वैदेशिक रोजगार पीडितलाई न्याय दिलाउने संघर्ष र कबाड आन्दोलनलाई थप व्यवस्थित गर्दै तेस्रो जनान्दोलनको मजबुत आधार खडा गरी सफलताको दिशामा अगाडि बढाउने निर्णय बैठकले गरेको छ ।

आजपा वरिष्ठ उपाध्यक्ष एवम् संविधान सभाका सदस्य तिलक थापामगरले भ्रष्ट एवम् दलाल नेताहरुलाई सिंहदरबारबाट कठालो समातेर सडकमा ल्याउने उदघोष गरेका छन् । कार्यक्रममा आजपा उपाध्यक्ष ज्ञानेन्द्र तामाङ, महासचिव त्रिभुवन साह, उपमहासचिव चन्द्रभूषण साह, सचिव नारायण श्रेष्ठ लगायतका नेताहरुको सहभागिता रहेको थियो ।

सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि प्रबेन्द्र साह (सर्लाही), शाहमहम्मद देवान (रौतहट), प्रसुन साह (सप्तरी), अनुज बराल (उदयपुर) लगायतका युवा नेताहरु आजपामा प्रवेश गरेको आजपा स्थायी कमिटी सदस्य रन्जु साहले जानकारी दिइन् ।

# बलात्कार प्रयास घटनाका दुई आरोपित पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
एक महिलालाई बलात्कार प्रयासको आरोपमा सर्लाही प्रहरीले एक युवकलाई नियन्त्रणमा लिएको छ । ३२ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा हरिवन नगरपालिका–४ का ३७ वर्षीय श्याम कुमार महरा चमारलाई गत भदौ १८ गते इलाका प्रहरी कार्यालय हरिवनले पक्राउ गरेको छ । घरमा कोही नभएको अवस्थामा भदौ २ गते आरोपित महराले पीडित महिलालाई धाक धम्की दिई बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले भदौ १६ गते इलाका प्रहरी कार्यालय हरिवनमा उजुरी दिएको थियो । आरोपित महरालाई भदौ १८ गते गिरफ्तार गरी भदौ १९ गते जिल्ला अदालतबाट तीन दिनको म्याद थप गराई घटना बारे थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय हरिवनका इन्स्पेक्टर अनिलराज गिरीले जानकारी दिए । पीडित महिलाको स्वास्थ्य परीक्षण भदौ १७ गते प्रादेशिक अस्पताल मलंगवामा गरिरएको थियो ।

यसैबीच १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा लालबन्दी नगरपालिका–१६ का २८ वर्षीय दिलबहादुर घलानविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दिएको छ । घरमा कोही नभएको मौका छोपी गत साउन २३ गते आरोपितले पीडित बालिकालाई धाक धम्की दिई बलात्कार गरेको भन्दै पीडित पक्षले आरोपित घलानविरुद्ध गत भदौ १७ गते इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दिएको हो । घटनापश्चात आरोपित घलानलाई भदौ १८ गते गिरफ्तार गरी भदौ १९ गते सर्लाही जिल्ला अदालतबाट तीन दिनको म्याद थप गराई अनुसन्धान प्रकृया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिए ।

# सशस्त्रद्वारा भन्सार छलीका सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल पर्साद्वाराले १० लाख रुपैयाँ बढीको भन्सार छलीका सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वाटर पर्सा, प्रहरी सीमा सुरक्षा गुल्म वीरगंज र वीरगंज भन्सार कार्यालयबाट खटिएको सयुक्त टोलीले उक्त मूल्य बराबरको सामान बरामद गरेको हो । अनिबार वीरगंज महानगरपालिका–८ मिनाबजार स्थित पारस प्रसाद एण्ड राजेश कुमार सप्लायर्सको गोदाममा भारतबाट भन्सार छली ल्याई भण्डारण गरि राखेको दुई लाख ७० हजार एक सय ७० रुपैयाँ बराबरको आलु र प्याज बरामद गरी आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको छ । यसैगरी टोलीले वीरगंज–१६ नगवा स्थित खुस्बु चक्लेट उद्योगको गोदाममा भारतबाट भन्सार छली ल्याई भण्डारण गरि राखेको तीन लाख ६ हजार ६ सय तीस रुपैयाँ बराबरको चक्लेट, चिनी र बोरा सिलाउने मेसिन तथा सोही स्थानमा नाम वतन नखुलेको व्यक्तिको घरमा लुकाई छिपाई भण्डारण गरी राखेको चार लाख ७३ हजार ८ सय रुपैयाँ बराबरको काजु, खजुर, बदाम, बिस्कुट र किस्मिस लगायतका गरि दस लाख ५० हजार ६ सय रुपैयाँ बराबरको सामान बरामद गरी आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी पर्साले जनाएको छ ।

# भदौ २८ गते साधारणसभा गर्ने प्रेस युनियन पर्साको निर्णय

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रेस युनियन पर्साको ११ औं वार्षिक साधरण सभा भदौको अन्तिम साता हुने भएको छ । वीरगंजमा शनिबार बसेको प्रेस युनियन पर्साको बैठकले भदौ २८ गते वीरगंजमा साधरणसभा गर्ने निर्णय गरेको छ ।

बैठकले केन्द्रिय कार्यसमितिको निर्देशन अनुसार साधरणभाकै दिन नेपाल पत्रकार महासंघको निर्वाचनका लागि युनियन पर्साको जिल्ला भेला आयोजना गर्ने निर्णय पनि गरेको युनियन पर्साका उपाध्यक्ष अली असगर देवानले जानकारी दिए ।

यसका साथै बैठकले युनियन पर्साका उपाध्यक्ष देवानकै संयोजकत्वमा ५ सदस्यीय साधरणसभा तयारी समिति पनि गठन गरेको छ । समितिको सदस्यहरुमा कपिलदेव यादव, सञ्जय गुप्ता, जंगबहादुर पटेल र हुकुमसिंह राजपूत रहेका छन् ।

बैठकले साधरणसभाका लागि केन्द्रिय प्रतिनिधी माग गर्ने तथा यसअघिको युनियनको जिल्ला अधिवेशनमा छुटेका सदस्यहरुलाई समेट्ने निर्णयपनि गरेको उपाध्यक्ष देवानले बताए ।

प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा बसेको बैठकमा उपाध्यक्ष देवान, कोषाध्यक्ष कपिलदेव यादव, सदस्यहरु राकेश चौरसिया, नूर आलम, हुकुमसिंह राजपुत, जंगबहादुर पटेल, ओमप्रकाश चौधरी, सञ्जय गुप्ता लगायतको सहभागिता रहेको थियो ।

# मधेश विश्वविद्यालयको वार्षिकोत्सवमा ३५ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित मधेश विश्वविद्यालयको दोस्रो वार्षिकोत्सवमा आयोजित कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन् । वीरगंजको मूर्लीस्थित विश्वविद्यालयकै परिसरमा शनिबार आयोजित कार्यक्रममा ३ महिलासहित ३५ जनाले रगतदान गरेका हुन् ।

सो अवसरमा रक्तदान गर्दै मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले कार्यक्रमको शुभारम्भ गरेका थिए । उनले मानविय सेवाका लागि रक्तदान कार्यक्रम महत्वपूर्ण रहेको हुँदा बार्षिकउत्सवको अवसर पारेर मधेश विश्वविद्यालयले आयोजना गरेको कार्यक्रमको प्रशंसा गरे ।

रक्तदान गर्नेहरुमा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत, मधेश प्रदेशका प्रदेश सभा सदस्य श्याम पटेल, रानी साह, राजु यादव, प्रभु साह, अलताब आलम, दीपक चौरसिया, रिया चौहान, अनिष पटेल, महम्मद जियाउल हक, राजु राउत गद्दी, पवन यादव लगायत रहेका रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए ।

मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डाक्टर दिपक शाक्यको अध्यक्षता तथा पूर्व मुख्यमन्त्री राउतको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश सभा सदस्य श्याम पटेल, डाक्टर हरेराम ठाकुर, श्याम पोखरेल, पत्रकार राम सर्राफ लगायतको पनि सहभागिता रहेको थियो ।










मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन